नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २६ गते २०२३ साल

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

माननीय मन्त्रीपरिषद्का अध्यक्ष तथा अर्थ मन्त्री श्री सूर्यबहादुर थापाले २०२३ साल आषाढ २६ गते रोज १ का दिन दिनुभएको आर्थिक वर्ष २०२३।२४ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

माननीय अध्यक्ष महोदय,

पञ्चायत व्यवस्था अन्तर्गत नेपालको संविधानले निर्धारित गरेको प्रणाली अनुसार आर्थिक वर्ष २०२३।२४ को आय–व्यय विवरण राष्ट्रिय पञ्चायतको समक्ष पेश गर्दछु । गत पांच वर्षमा यस व्यवस्था अन्तर्गत देशले आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रहरूमा सन्तोषजनक रूपले प्रगति गर्दै आएको छ । यस्ता क्षेत्रहरूमा श्री ५ को सरकारले समय समयमा लिंदै आएका कदमहरूले संघर्ष तथा शोषणरहित समाजको सृजना गर्ने लक्ष्य प्राप्तिको दिशातिर अगाडि बढ्न स्वास्थ्यकर प्रभावहरू पार्दछन्। यस बजेटमा निहित नीति तथा कार्यक्रमले पनि देशलाई आगामी वर्ष विकासको बाटोमा अझ अगाडि लैजानेछ भन्ने मेरो धारणा छ ।

महोदय, देशको बजेट योजना तथा नीति कार्यान्वयन गर्ने एक प्रमुख साधन हो र यसकारण आर्थिक प्रवृत्ति, कार्यकलाप तथा अर्थ व्यवस्थाको दीर्घकालीन आवश्यकता अनुकूल नै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसको तर्जुमा गरिन् पर्दछ । गत केही वर्षदेखि यता प्रस्तुत गरिएका बजेटहरूमा मैले केही रूपमा देशको आर्थिक स्थितिको संक्षिप्त सिंहावलोकन गर्ने प्रथा चलाएको थिएं र यसबाट बजेटको उचित विश्लेषण होस् भन्ने मेरो ध्येय थियो । तर त्यतिबाट मात्र देशमा घटेको आर्थिक कार्यहरूको ज्ञान पर्याप्त नहुने भन्ने लागेकोले पाएसम्मको तथ्यांकहरूको आधारमा देशको पहिलो पटक आर्थिक सर्वेक्षण रिपोर्ट पनि छुट्टै पेश गरेको छु । अतएव त्यस सम्बन्धमा आगामी वर्षको बजेट कार्यान्वित गर्दा सम्बन्ध राख्ने केही प्रमुख घटनाहरूको मात्र उल्लेख गर्नेछु ।

विभिन्न आर्थिक क्षेत्रमा भएको गतिविधिको संक्षिप्त रूपले विचार गर्दा यस आर्थिक वर्ष २०२२।२३ मा पश्चिमतिर कतै कतै केही सुक्खा लागेकोले कृषि उत्पादन घट्न गए तापनि साधारणतया गत वर्षको दांजोमा उत्पादन घटेको छैन भन्ने अनुमान छ । भूमिसुधार कार्यक्रम अन्तर्गत विकास कार्यहरूको कार्यान्वयनको फलस्वरूप कृषि उत्पादन क्रमशः वृद्धि हुंदै जानेछ भन्ने विश्वासछ। यसै गरी यस आर्थिक वर्ष औद्योगिक उत्पादन गत सालको दांजोमा सन्तोषजनक रूपले बढेको छ । यस सम्बन्धमा खास गरी जूट, चुरोट, सलाई र ऊनीका मालहरूको उत्पादन उल्लेखनीय छ । निर्यात व्यापार खास गरी भारत बाहेक अरू देशहरूसित यस वर्ष अनुमानभन्दा करीब दोब्बर हुन सकेको छ ।

गत केही वर्षदेखि विभिन्न आन्तरिक तथा वाह्य कारणहरूले गर्दा मूल्यमा भएको वृद्धि एक चिन्ताजनक विषय हुंदै आएको थियो । यसबाट सर्वसाधारणमा बोझ पर्नुको साथै विकास कार्यमा पनि गतिरोध उत्पन्न हुने आशंका थियो । यसकारण मूल्य वृद्धि अप्राकृतिक रूपले बढ्न नपाओस् भनी श्री ५ को सरकारले मुद्रा निष्काशन आदिबाट पर्दै आएको मौद्रिक विस्तारमाथि नियन्त्रण गर्न र नेपाली मुद्रा मात्र प्रचलन गराउनेतर्फ विशेष मौद्रिक र वित्तीय नीतिहरू अपनाउंदै आएको थियो । हालै नेपाली मुद्रा र भारतीय मुद्रा बीच रहन आएको विनिमय दरबाट देशको आर्थिक अवस्थाको सन्दर्भमा आर्थिक विकास, वित्तीय तथा कर, मौद्रिक, औद्योगिक तथा व्यापार सम्बन्धी तथा कृषि सम्बन्धी नीतिमा एक मौलिक परिवर्तन आउनु पर्ने आवश्यकता देखिएको छ । तसर्थ आर्थिक वर्ष २०२३।२४ को यो बजेट मैले यसैको पृष्ठभूमिमा समेत तयार पारेको छु ।

२

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२१।२२ मा सरकारी क्षेत्रमा भएको आर्थिक कारोवारको सम्बन्धमा संक्षिप्त विवरण पेश गर्दछु । आयतर्फ रु. १८ करोड ८५ लाख ३४ हजार संशोधित अनुमान गरिएकोमा यथार्थ आय रु. १९ करोड २३ लाख ४२ हजार भएको छ । संशोधित अनुमान भन्दा करीब ३८ लाख बढी आय भएको छ । यसरी यथार्थ आय संशोधित अनुमान भन्दा बढ्नु आर्थिक प्रशासनको सुधारमा एक उत्साहवर्धक प्रवृत्ति हो । खर्चतर्फ साधारण खर्च रु. १२ करोड ७० लाख ६० हजार र विकास खर्च रु. २३ करोड ५५ लाख ६९ हजार हुने संशोधित अनुमान गरिएकोमा यथार्थ खर्च क्रमशः रु. ११ करोड ७९ लाख ४३ हजार र रु.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३ करोड १६ लाख १० हजार हुन आएको छ । खर्चतर्फ पनि संशोधित अनुमान भन्दा करीब ४ प्रतिशत मात्र घटी हुन आएको छ । मित्रराष्ट्रहरूबाट प्राप्त सहायता तर्फ रु. १४ करोड २० लाख २१ हजार प्राप्त हुने संशोधित अनुमान गरिएकोमा रु. १४ करोड १० लाख ४७ हजार प्राप्त भएको छ । यसरी विदेशी सहायता पनि लक्ष्य अनुसार नै प्राप्त भएको देखिन्छ । माथि दिइएका तथ्यांकहरूको आधारमा आर्थिक वर्ष २०२१।२२ मा भएको आर्थिक कारोवारको सामुहिक मूल्यांकन गर्दा सन्तोषजनक नै भएको पाइन्छ ।

चालू आर्थिक वर्ष २०२२।२३ को संशोधित आय–व्यय अनुमानको सम्बन्धमा आयतर्फ रु. २४ करोड १६ लाख ३२ हजार प्राप्त हुने अनुमान गरिएकोमा संशोधित अनुमान बमोजिम रु. २२ करोड ४१ लाख ३० हजार अर्थात् अनुमान भन्दा करीब ७ प्रतिशत घटी आय हुने अनुमान छ । यसरी अनुमान भन्दा आय घट्नुमा मुद्रा नीतिको फलस्वरूप परेको प्रभाव पनि एउटा प्रमुख कारण हो । भंसार महसूलबाट रु. १० करोड ३६ लाख आय हुने अनुमान गरिएकोमा संशोधित अनुमान बमोजिम रु. ९ करोड ५१ लाख मात्र हुने देखिएको छ । यसको मुख्य कारण खाद्यान्नको निकासीमा केही कमी हुनु र ने. रु., भा. रु. को नयाँ सटही दरको फलस्वरूप केही दिनहरूको निम्ति भएपनि निकासीबाट प्राप्त हुने आयमा परेको असर नै मान्न सकिन्छ । अन्तः शुल्कबाट रु. २ करोड ७८ लाख आय हुने अनुमान गरिएकोमा रु. २ करोड ५७ लाख ६ हजार मात्र प्राप्त हुने संशोधित अनुमान छ । वनबाट हुने आय रु. १ करोड ८३ लाख अनुमान भएकोमा नयाँ सटही दरले गर्दा आय घट्न जानाले रु. १ करोड ४८ लाख १० हजार हुने संशोधित अनुमान छ । श्री ५ को सरकारबाट विभिन्न कम्पनी तथा कर्पोरेशनहरूमा लगानी गरे वापत प्राप्त हुने व्याज तथा लाभांशबाट रु. १ करोड ७ लाख ५९ हजार आय हुने अनुमान गरिएकोमा वीरगञ्ज चिनी कारखाना र जनकपुर चुरोट कारखानाबाट यस वर्ष पनि लाभांश प्राप्त नहुने भएकोले संशोधित अनुमान बमोजिम रु. ६६ लाख मात्र आय हुने अनुमान छ ।

साधारण खर्चतर्फ रु. १५ करोड ८२ लाख ८८ हजार अनुमान गरिएकोमा रु. १५ करोड २३ लाख ५६ हजार अर्थात् ९६ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । विकासतर्फ रु. ३३ करोड २७ लाख २४ हजार खर्च हुने अनुमान गरिएकोमा रु. २८ करोड ९१ लाख २४ हजार अर्थात् ८८ प्रतिशत मात्र खर्च हुने संशोधित अनुमान छ । विकास तर्फको खर्च बेहोरिने श्रोतको हकमा श्री ५ को सरकारबाट रु. १३ करोड २४ लाख ३५ हजार, अमेरिकी सहायताबाट रु. ७ करोड ३७ लाख, २८ हजार, भारतीय सहायताबाट रु. ८ करोड ९० लाख, चिनी सहायता रु. १ करोड ८० लाख ५५ हजार, रूसी सहायताबाट रु. १ करोड ६० लाख र अन्य देशहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त सहायता रकमबाट रु. ३५ लाख १४ हजार बेहोरिने अनुमान थियो । संशोधित अनुमान अनुसार श्री ५ को सरकारबाट रु. ११ करोड १८ लाख ८७ हजार, अमेरिकी सहायताबाट रु. ६ करोड ३७ हजार, भारतीय सहायताबाट रु. ८ करोड ८८ लाख ७६ हजार, चिनी सहायताबाट रु. १ करोड ६१ लाख ३७ हजार, रूसी सहायताबाट रु. १ करोड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४ लाख ५० हजार र अन्य देश तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट रू. ७ लाख ३७ हजार हुन गएको छ। साधारण आय-व्ययको बचतबाट विकास तर्फ रू. ८ करोड ३६ लाख ४४ हजार खर्च गरिने अनुमान भएकोमा संशोधित अनुमान बमोजिम रू. ७ करोड १७ लाख ७४ हजार घटी खर्च हुन जाने देखिएको छ।

चालू आर्थिक वर्ष हाम्रो तेस्रो योजनाको प्रथम वर्ष हो। यस वर्ष विभिन्न क्षेत्रमा भएको प्रगति सन्तोषजनक छ। खास गरी सडक, हवाई, उद्योग, बिजुली, शिक्षा आदिमा भएको विकास कार्य मुख्य रूपले उल्लेखनीय छ। सडक तर्फ काठमाडौं-कोदारी, सुनौली-पोखरा सडकहरूमा काम जोडतोडसंग चालू भइरहेको छ र पूर्व-पश्चिम राजमार्गको पूर्वी भागमा निर्माण कार्य शुरू गर्न आवश्यक प्रारम्भिक कार्य समाप्त भइसकेको छ। हवाई तर्फ जनकपुरको हवाई ग्राउण्ड पूरा भइसकेको छ। भैरहवा तर्फ हवाई ग्राउण्डको निर्माण काम पनि प्राय समाप्त भैसकेको छ। काठमाडौं तथा विराटनगरमा समेत चाँडै नै समाप्त गरिने छ। उद्योगतर्फ ईंट टायल कारखानामा काम धेरै समाप्त भइसकेको छ र कृषि औजार कारखानामा निर्माण कार्य शुरू भइसकेको छ। गैर सरकारी क्षेत्रमा पनि उद्योगको स्थापना कार्य सन्तोषजनक रूपले चलेको छ। बिजुलीतर्फ त्रिशूलीको प्रथम चरण समाप्त भई विद्युत् उत्पादन कार्य शुरू भएको छ र चाँडै नै ६,०००किलो वाट विद्युत् शक्ति उपलब्ध गरिने छ। हेटौंडामा ४,५०० किलो वाट क्षमता भएको डिजल प्लाण्ट पूरा भइसकेको छ। साथै वन, वनस्पति, सञ्चार, सिंचाई, भूमि सुधार, स्वास्थ्य आदि क्षेत्रमा पनि काम लक्ष्य अनुसार सम्पन्न भइ रहेको छ। कृषितर्फ रासायनिक मल तथा तालीम प्राप्त जनशक्तिको अभाव छँदैछ तर यसतर्फ अझ बढी प्रगति गर्न विशेष कदमहरू लिइने छन्। यसको फलस्वरूप उत्पादनमा बढी बृद्धि हुने आशा गरिएको छ।

चालू आर्थिक वर्षको निम्ति आयतर्फ साधारण आयमा रू. २४ करोड १६ लाख ३२ हजार र खर्चतर्फ साधारण खर्च रू. १५ करोड ८२ लाख ८८ हजार र विकास खर्च (श्री ५ को सरकारले बेहोर्नु पर्ने) रू. १३ करोड २४ लाख ३५ हजार समेत गरी जम्मा खर्च रू. २९ करोड ७ लाख २३ हजार हुने भई रू. ४ करोड ८७ लाख ९१ हजार न्यून हुन आउने अनुमान गरिएको थियो। संशोधित अनुमान बमोजिम आय रू. २२ करोड ४१ लाख ३० हजार र खर्चतर्फ साधारण खर्च रू. १५ करोड २३ लाख ५६ हजार र विकास खर्च (श्री ५ को सरकारले बेहोर्नु पर्ने) रू. ११ करोड १८ लाख ८७ हजार हुने भएकोले रू. ४ करोड १ लाख १३ हजार मात्र न्यून हुन जानेछ। उक्त न्यूनको पूर्ति गत वर्षको मौज्दात रू. १ करोड ७९ लाख ४० हजार, दीर्घकालीन विकास ऋण रू. ७५ लाख र विदेशी ऋण रू. ३३ लाख समेतबाट गरे पनि रू. १ करोड १३ लाख ७३ हजारको खुद घाटा हुन आउने अनुमान छ। यसरी घाटाको अङ्क अनुमान भन्दा करीब रू. ६० लाख ९० हजार घट्न जाने संशोधित अनुमान छ।

यसरी चालू आर्थिक वर्षमा श्री ५ को सरकारबाट हालै अपनाएको मुद्रा नीतिको प्रभाव समेतले गर्दा आयतर्फ अनुमान भन्दा घटी आउने र खर्च तर्फ अनुमान भन्दा केही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम घट्न गएपनि बजेटमा रू. १ करोड ७४ लाख ६३ हजारको घाटा हुने अनुमान गरिएकोले यस वर्षको बजेट घाटाको बजेट रहन गई यस वर्ष जस्तो आगामी बर्षको शुरूमा मौज्दात रहन आउने छैन। बजेटमा रहन आउने घाटा रू. १ करोड १३ लाख ७३ हजारलाई श्री ५ को सरकारले हाल सापटी लिई पूर्ति गर्ने व्यवस्था गरेको छ ।

३

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२३।२४ को आय–व्यय अनुमान प्रस्तुत गर्दछु। आर्थिक बर्ष २०२३।२४ को निम्ति आय रू. २५ करोड २३ लाख ९२ हजार र खर्चतर्फ साधारण खर्च रू. १६ करोड ९८ लाख १४ हजार र विकास खर्च रू. ३७ करोड ६३ लाख ९६ हजार गरी जम्मा खर्च रू. ५४ करोड ६२ लाख १० हजार हुने अनुमान गरिएको छ।

आयतर्फ भंसार महसूलबाट आर्थिक वर्ष २०२२।२३ को संशोधित अनुमान भन्दा रू. २ करोड ९१ लाख बढी आम्दानी हुने अनुमान छ । श्री ५ को सरकारबाट हालै निर्धारित ने. रू. र भा. रू. को नयाँ सटही दरको फलस्वरूप भारतबाट प्राप्त हुने भारतीय अन्तःशुल्क फिर्ता रकम रू. १ करोड जति घट्न जानेछ। नेपालबाट भारतमा निर्यात हुने मालसामानको निर्यातमा कमी नहोस् भन्ने दृष्टिकोणबाट त्यस्ता माल सामानको निकासी महसूल आवश्यकतानुसार घटाइए तापनि निकासी व्यापारको आधारमा निकासी महसूलबाट प्राप्त हुने आय विशेष घट्न नजाने अनुमान छ। तर पैठारी महसूलबाट हुने आयमा रू. ३ करोड ५४ लाखको वृद्धि हुने अनुमान छ। यो वृद्धि हुन जानाको मुख्य कारण भारतबाट हुने आयातको परिमाणमा हुने वृद्धि र पैठारी महसूलको दरमा केही दिन अघि भएको वृद्धि समेत हो । अन्तःशुल्कबाट हुने आय आर्थिक वर्ष २०२२।२३ को संशोधित अनुमान भन्दा करीब रू. ३८ लाख बढी हुने अनुमान छ ।

कर शीर्षकमा खास गरी आय करबाट हुने आय रू. ३९ लाखले घट्न जाने अनुमान छ। हालै निर्धारित ने. रू. र भा. रू. को नयाँ सटही दरको फलस्वरूप कम्पनी, कर्पोरेशन,फर्म तथा व्यापारी वर्गहरू समेतलाई आगामी केही वर्ष केही घाटा हुने सम्भावना भएको र आयकर ऐन अनुसार यसरी पर्ने घाटालाई आफ्नो नाफाबाट २ वर्षभित्र मिह्ना पाउने व्यवस्था भएकोले आगामी आर्थिक वर्षमा आयकरबाट हुने आय घट्न जाने सम्भावना छ। बिक्री करबाट हुने आय-मा रू. ३० लाख वृद्धि हुने अनुमान गरिएको छ। यो बिक्री कर यसै आर्थिक वर्षदेखि लागू गरि-एको र यसको प्रशासनमा सुधार हुँदै गएकोले यसबाट हुने आयमा वृद्धि हुने अनुमान गरिएको हो। व्याज तथा लाभांश शीर्षकमा आर्थिक वर्ष २०२२।२३ को संशोधित अनुमान भन्दा रू. ३७ लाख ४१ हजार घटी आय हुने अनुमान छ। श्री ५ को सरकारबाट विभिन्न कम्पनी तथा कर्पोरेशनहरूमा भएको लगानीबाट आउने व्याज तथा लाभांशको हकमा खास गरी नेपाल राष्ट्र बैङ्क तथा नेपाल बैङ्कलाई श्री ५ को सरकारको वर्तमान मुद्रा नीतिको फलस्वरूप घाटा पर्न गएकोले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उक्त घाटाको पूर्ति श्री ५ को सरकारलाई प्राप्त हुने लाभांशबाटै गर्नु पर्ने हुँदा यस उप–शीर्षकमा रू. ४५ लाख घट्न जाने अनुमान छ ।

आगामी आर्थिक वर्षमा साधारण खर्च तर्फ चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा रू. १ करोड ७४ लाख ५८ हजार अर्थात् १० प्रतिशत मात्र खर्च बढ्न गएको छ । चालू आर्थिक वर्षको बजेटमा श्री ५ को सरकारबाट २०२२ साल आषाढदेखि कर्मचारीको तलब स्केलमा वृद्धि गरिएको थप खर्च भैपरी आउने शीर्षकमा समावेश गरिएकोले सबै शीर्षकहरूको खर्चमा केही न केही वृद्धि हुन गएको छ । चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा आगामी आर्थिक वर्षको अनुमानमा श्री ५ को सरकारको सचिवालय, जिल्ला प्रशासन, पुलिस, अदालत, वैदेशिक, शिक्षा, स्वास्थ्य, पञ्चायत, वन, सञ्चार, निर्माण र रक्षा शीर्षकहरूमा खर्च बढ्न गएको छ । विगत वर्षहरू जस्तै आगामी आर्थिक वर्षमा पनि शिक्षा, स्वास्थ्य र उद्योग वाणिज्य शीर्षकमा विकास तर्फबाट रू. २८ लाख जति साधारण तर्फ श्री ५ को सरकारले बेहोर्ने गरी सारिएको छ । यसरी विकास तर्फबाट सर्न आएको रकम रू. २८ लाख कटाएमा आगामी आर्थिक वर्षको खर्च रू. १ करोड, ४६ लाख ५८ हजार मात्र बढ्ने छ ।

आगामी आर्थिक वर्ष तेस्रो योजनाको दोस्रो वर्ष हो । पहिलो वर्षमा त्रि-वर्षीय योजना कालमा समाप्त हुन नसकेका आयोजनाहरूलाई पूरा गर्नेतर्फ विशेष जोड दिइएको थियो । आगामी वर्ष विभिन्न क्षेत्रमा नयाँ आयोजनाहरू प्रारम्भ गरिने भएको छ । २०२७ सालसम्ममा राष्ट्रिय आय दोब्बर गर्ने लक्ष्यको पृष्ठभूमिमा यस योजनाको लक्ष्य पनि निर्धारित भएको कुराको विचार गर्दा हामीले हालसम्म कार्यान्वित गरिएका आयोजनाहरूको दाँजोमा अझ व्यापक रूपले आयोजनाहरू शुरू गर्नु परेको छ ।

तेस्रो योजनामा कृषि उत्पादनमा वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको भए तापनि पहिलो वर्ष नै ठूलो स्तरमा मल जल तथा बीज उपलब्ध गर्न सम्भव भएन, यसैले कृषिको क्षेत्रमा वाँछित लक्ष्य हासिल गर्न अझबढी प्रभावकारी ढङ्गले अगाडि बढ्नु परेको छ। खास गरी हालै स्थापना भएको कृषि सप्लाई संस्थानलाई अझ बढी सक्रिय तुल्याउनु पर्ने आवश्यकता देखिएको छ । यस वर्ष कृषि उत्पादन सम्बन्धी कार्यक्रम माथि विशेष जोड दिइनेछ र यसको लागि महत्वपूर्ण कदमहरू लिइने छन् । कृषि नै बहुसंख्यक जनताको जीविकाको अवलम्बन भएको हाम्रो देशमा यस कार्यक्रमलाई जोड दिने आवश्यकतालाई दोहऱ्याई रहनु पर्दैन । उद्योगतर्फ उद्योग धन्धाको स्थापना गर्न मुख्यतः गैरसरकारी क्षेत्रलाई विभिन्न सहुलियत दिई प्रोत्साहन दिने नीति अनुसार गैर सरकारी क्षेत्रमा नयाँ उद्योग धन्धाहरू स्थापना गरिने छन् । साथै भएका उद्योग धन्धाको स्थितिमा सुधार ल्याउन आवश्यक कदमहरू चालिने छन् । सरकारी क्षेत्रमा ईंट टायल कारखाना तैयार हुनेछ र कृषि औजार कारखानाको निर्माण काम धेरै जसो समाप्त हुनेछ । देशमा सिमेन्ट जस्ता आधारभूत उद्योगहरू स्थापना गर्ने व्यवस्था मिलाउने छ । यसको साथै घरेलु उद्योग सम्बन्धी नयाँ योजनाहरू पनि शुरू गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चारको विकास तर्फ आगामी आर्थिक वर्षमा प्रत्येक अञ्चलको सदर मुकामको एउटा आकाशवाणी नियन्त्रण अफिस खोल्ने र सबै जिल्लाहरूमा आकाशवाणी स्टेशनहरूको स्थापना गरिनेछ। टेलिफोन सुविधालाई पनि आवश्यकता अनुसार विस्तार गर्दै लैजाने व्यवस्था गरिनेछ। मुलुकको एक कुना देखि अर्को कुनामा बस्ने देशवासीहरूलाई सञ्चार सेवा उपलब्ध गराउन नयाँ हुलाक खोल्ने, विस्तार गर्ने तथा हुलाक सेवालाई अझ छिटो तथा दक्ष गराउने कार्यहरू पनि गरिनेछ।

सडकतर्फ बुटवलदेखि झापासम्मको राजमार्ग तथा महेन्द्रनगर–डोटी राजमार्ग सडक-हरूमा केही हिस्साको निर्माण कार्य शुरू गरिनेछ। साथै पोखरा, काठमाडौं सडकको प्रारम्भिक काम पनि शुरू हुनेछ। हवाई तर्फ गौचर कस रन्वे तथा विराटनगर हवाई ग्राउण्डमा निर्माण कार्य समाप्त गरिनेछ। विजुलीतर्फ कर्णाली योजनाको सर्भे समाप्त भइसकेको छ र उक्त योजना कार्यान्वित गर्न श्री ५ को सरकारले चाँडै नै आवश्यक कदमहरू लिनेछ। कृषि उत्पादन बढाउन आगामी वर्ष सिंचाईमा विशेष जोड दिइनेछ। पाहाडी क्षेत्रका टारहरूमा लघु सिंचाई योजना कार्यान्वित गर्न पञ्चायत शीर्षकमा ३० लाख र नहर निर्माण शीर्षकमा रू. १९ लाख राखिएको छ। बाग्मती,बाणगङ्गा आदि आयोजनाहरू कार्यान्वित गर्ने व्यवस्था पनि गरिनेछ। साथै कृषि, स्वास्थ्य तथा इञ्जिनियरिङ्ग कलेजहरूमा प्रारम्भिक कार्य शुरू गरिने छ।आगामी वर्ष सम्पूर्ण देशमा भूमिसुधार कार्य सम्पन्न गरिनेछ र भूमि प्रशासन वैज्ञानिक तरीकाद्वारा सञ्चालन गर्ने काम शुरू गरिनेछ। शिक्षा, स्वास्थ्यतर्फ हाल भएका सुविधाहरूलाई सुव्यवस्थित रूपमा उपलब्ध गर्नेतर्फ विशेष जोड दिइने छ र औलो उन्मूलन, व्यावसायिक शिक्षा प्रसार, प्राथमिक तथा प्रौढ शिक्षा प्रसार आदि कार्य बढी जोडका साथ कार्यान्वित गरिनेछ। दुर्गमस्थानहरूको क्रमिक विकास गर्दै लैजान आगामी आर्थिक वर्षको बजेटमा भैपरी आउने शीर्षक अन्तर्गत रू. ८ लाख समावेश गरिएको छ।

मैले माथि उल्लेख गरेका विकास कार्यहरू सञ्चालन गर्न आर्थिक वर्ष २०२३।२४ को निम्ति रू. ३७ करोड ६३ लाख ९६ हजारको विकास खर्च प्रस्तावित गरिएको छ। यस मध्ये कृषि तथा ग्रामीण विकासको लागि रू. १० करोड ३७ लाख अर्थात् जम्मा २८ प्रतिशत, निर्माण,सचार तथा विद्युत विकासको लागि रू. १८ करोड ४९ लाख अर्थात जम्मा ४९ प्रतिशत, उद्योग धन्दाको विकासको लागि रू. १ करोड ८८ लाख अर्थात् जम्मा५ प्रतिशत, र शिक्षा स्वास्थ्य प्रचार प्रसारको लागि रू. ४ करोड ३३ लाख अर्थात् जम्मा १२ प्रतिशत छुट्याइएको छ। कृषि विकास कार्यलाई प्राथमिकता दिने र सडक, विजुली जस्ता आधारभूत कुराहरूको यथाशक्य चाँडो विकास गर्ने हाम्रो योजनाको नीति अनुरूप नै यो रकम छुट्याइएको कुरा स्पष्ट छ। तर यहाँ म विकास बजेटबाटमात्र हाम्रो आर्थिक विकासतर्फ भइरहेको प्रयासको पूरा चित्रण नआउने कुरामा माननीय अध्यक्ष महोदय मार्फत माननीय सदस्यहरूको ध्यान आकर्षित गर्न चाहन्छु। गैर सरकारी क्षेत्रमा हुने लगानी, स्थानीय पञ्चायतहरूद्वारा गरिने विकास कार्य, वैदेशिक सहायता अन्तर्गत उपलब्ध प्राविधिक सहायता, तालीम सुविधा र सामानहरू आदि अति सीमित मात्रामा बजेटमा चित्रित भएको छ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खास गरी कृषि तथा उद्योग विकासतर्फ राष्ट्रिय स्तरमा विचार गर्दा बजेटमा दिइएको भन्दा धेरै बढी लगानी हुने कुरा स्पष्ट छ ।

विकास तर्फको खर्च व्यहोर्ने श्रोतको हकमा रू. १५ करोड ६४ लाख ६६ हजार अर्थात् कुल विकास खर्चको ४२.३ प्रतिशत श्री ५ को सरकारबाट व्यहोरिने भएको छ । विदेशी सहायता बाट व्यहोरिने खर्चहरू मध्ये रू. ११ करोड ३१ लाख ६४ हजार भारतबाट, रू. ४ करोड ८१ लाख ६३ हजार अमेरिकाबाट, रू. १ करोड ८५ लाख रूसबाट, रू. ३ करोड २ लाख २० हजार चीनबाट र बाँकी रू. ६८ लाख५० हजार ग्रेट ब्रिटेन, स्वीट्जरल्याण्ड, न्यूजीलयाण्ड, युनेस्को, फोर्ड फाउण्डेशन आदिबाट प्राप्त सहायता रकमबाट व्यहोरिने भएको छ । उपर्युक्त सहायताको अङ्कमा विभिन्न मित्र राष्ट्रहरू र संस्थाहरूबाट प्राप्त प्राविधिक सहायता र माल सामान आदि समावेश गरिएकोछैन । देश विकासको निम्ति हामीलाई आर्थिक तथा प्राविधिक सहायता दिने सबै मित्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई म यस अवसरमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै देश विकास कार्यमा देशवासीहरूबाट देखाइएको उत्साह र लगनशीलता र सहयोगको निम्ति म माननीय अध्यक्षज्यू मार्फत् माननीय सदस्यहरू तथा सबै देशवासीहरूलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

४

अध्यक्ष महोदय, केही वर्षदेखि विकास कार्यको खर्च पुऱ्याउनामा श्री ५ को सरकार बढीरूपले समर्थ हुँदै आएको भएतापनि आन्तरिक साधनहरूको ज्यादा से ज्यादा मात्रामा परिचालन गरी जति सक्यो चाँडो देशको सर्वाङ्गीण विकास गर्न सक्ने क्षमता ल्याउन अझैं परेको छ । अहिलेसम्म राजस्वको मुख्य श्रोत भन्सारको आम्दानी नै रही आएको छ । चालू वर्षको कूल राजस्वमा ४२ प्रतिशत यसै श्रोतबाट आएको छ । भन्सारबाट भएको आम्दानीमा पनि आयात व्यापारबाट मात्र ८३ प्रतिशत प्राप्त भएकोछ । भारतीय मुद्राको अवमूल्यन पछि नेपाली मुद्राको भारतीय मुद्रासितको सटही दरमा हुन आएको परिवर्तनको फलस्वरूप निकासी व्यापारमा ठूलो असर पर्न आउने सम्भावना देखिएको छ । पैठारी व्यापारमा अनुकूल असर परेको भए तापनि भारतबाट आयात हुने वस्तुको मूल्य घट्न गएकोले परिमाणको आधारमा रहेको भन्सार दरवन्दीबाट हुने आयमा कुनै असर नपरेको भए तापनि मूल्यको आधारमा रहेको भन्सार दरबन्दी जतिबाट प्राप्त हुने राजस्वमा प्रतिकूल असर परेकोले भन्सारको आय निकै घट्न जाने भयो । यस्ता किसिमको असरबाट बचाउन श्री ५ को सरकारले हालै निकासी पैठारी भन्सार महसूलको दरमा केही परिवर्तन ल्याएको कुरा पनि उल्लेख गर्दछु ।(१)श्री ५ को सरकारले उद्योग तथा व्यापार सम्बन्धी नीतिको अनुरूप निर्यात व्यापारलाई अझैं प्रोत्साहन दिनु परेको छ । भारतीय मुद्राको अवमूल्यन पछि भारतबाट आयात हुने बस्तुको मूल्य घट्न गएकोले त्यसबाट विशेष लाभ उठाई राजस्व यथासम्भव बढाई आर्थिक वर्ष २०२३।२४ मा तेस्रो योजनाको दोस्रो वर्षको बढी खर्च पुऱ्याई सफलतापूर्वक सञ्चालन गरी निर्धारित लक्ष्य हासिल गर्न परेको छ । भारतमा मूल्य बृद्धि भएता

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि त्यसको असर छिटै यहां पर्न नदिने अवस्था कायम समेत राख्नु परेको छ। यस्ता कुराहरूको विचार राखी आयात हुने वस्तुहरू मध्ये भन्सार दरबन्दी अनुसूची 'क' मा उल्लेख भएका वस्तुहरूमा सोही अनुसूचीमा लेखिए बमोजिमको दरबाट थप सरचार्ज आजदेखि लगाइएको छ। साधारण-तया आजको अवस्थामा आयात अनावश्यक रूपमा नबढाउने उद्देश्यले दैनिक उपभोगका वस्तुहरूमा देशभित्र उत्पादन हुनेमा केही थप सरचार्ज र अरूमा कम सरचार्ज बढाइएको छ। देशको विकासको निम्ति चाहिने औद्योगिक कच्चा पदार्थ र केही अत्यावश्यक दैनिक उपभोगका सामानहरूमा भने थप सरचार्ज लगाइएको छैन। निर्यात हुने वस्तुहरूको साविक अनुसूची १ मा उल्लेख भएका वस्तुहरू मध्ये अनुसूची 'ख' मा उल्लेख भएका वस्तुहरूको निकासी महसूल दरमा सोही अनुसूचीमा लेखिए बमोजिम आजैदेखि सम्शोधन गरी अरू दरबन्दी साविकै कायम राखिएको छ। साविक अनुसूची २ को निकासी दरबन्दीलाई मात्र आजैदेखि खारेज गरी यस अनुसूची अनुसार निकासी हुने वस्तुहरूको सम्बन्धमा सामान्य हेरफेर गरी आजैदेखि लागू हुने गरी निकासी सम्बन्धी अनु-सूची ५ प्रकाशित गरिएको छ। साविक अनुसूची ३ र ४ पनि खारेज गरी आजैदेखि लागू हुने गरी समयानुकूल बनाई नयाँ अनुसूची ३ र ४ प्रकाशित गरिएको छ। उपर्युक्त परिवर्तनबाट थप राजस्व रू. ६ करोड १८ लाख प्राप्त हुने अनुमान छ।

नयाँ मौद्रिक नीतिको सन्दर्भमा देशभित्रका उद्योगहरूलाई सकेसम्म बढी प्रोत्साहन दिई निर्यात व्यापार बढाउन निर्यात हुने समस्त वस्तुहरूमा शत प्रतिशत अन्तःशुल्क हालै माफी गरिएको हो। भारतका धेरै पुराना तथा विकसित उद्योगहरूको प्रतिस्पर्धामा टिक्न मुस्कील परेका देशको भरखर खडा भएका नयाँ चीनि उद्योगहरूलाई संरक्षण दिई देश भित्रै खपत हुने चीनिको उत्पादनमा पनि २५ प्रतिशत अन्तःशुल्क हालै माफी भएको कुरा पनि यहाँ दोहराउन चाहन्छु। नयाँ भए पनि चुरोट उद्योग देशको सबै भन्दा ठूलो उद्योग भएको र प्रतिस्पर्धामा खडा रहन सक्ने गरी यस उद्योगलाई चुरोटको आयातमा सरचार्ज बढाइएकोले संरक्षणको प्रशस्त व्यवस्था भएको छ। तसर्थ चुरोटको साविकको अन्तःशुल्कको दर खारेज गरी आजदेखि निम्नतालीका बमोजिमको दरबाट अन्तःशुल्क लगाई असूल उपर गर्ने व्यवस्था मिलाएको छु।

तालिका

प्रति हजार खिल्लि चुरोटको मूल्य	प्रति हजार खिल्लि चुरोटमा लाग्ने अन्तःशुल्क
रू. २०।– (बीस) सम्म पर्नेमा	रू. ४।– (चार)
रू. २०।– भन्दा बढी रू. ३०।– तीस) सम्म पर्नेमा	रू. ५।– (पाँच)
रू. ३०।– भन्दा बढी जतिसुकै पर्नेमा	रू. ६।– (छ)

अहिलेसम्म अन्तःशुल्क नलागेको वस्तुमा अन्तःशुल्क लगाई र अन्तःशुल्क लागि आएका केही वस्तुमा खारेज गरी तथा सामान्य हेरफेर गरी देशका साना–साना तथा घरेलु उद्योगहरूलाई बढी प्रोत्साहन तथा संरक्षण आजदेखि निम्न बमोजिम गरिएकोछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल अधिराज्यभित्र उत्पादन भएको मिथिलेटेड स्पीरिटमा प्रतिग्यालन रू. १।५० (एक रूपैयाँ पचास पैसा) को दरले अन्तःशुल्क लिइनेछ ।

(ख) समिलबाट चिरान भएको काठमा अन्तःशुल्क प्रति वर्ग फूट रू. ।५ पैसाको दरले लगाई आएकोमा आजदेखि प्रति घन फूट रू. ।८ (आठ पैसा) को दरले लिने गरिएको छ । अहिलेसम्म वर्ग फूटमा हिसाब राख्न नसकी घन फूटमा हिसाब राखेका मिलहरूसंग शुरूदेखि नै घन फूटको हिसाबले अन्तःशुल्क लिइनेछ ।

(ग) शक्तिद्वारा सञ्चालित मील तथा कारखानाबाट स्वदेशी ऊनमात्र प्रयोग गरी तयार भएको धागोमा ५० (पचास) प्रतिशत अन्तःशुल्क छूट दिइएको छ । शक्ति प्रयोग नगर्ने कारखानालाई शत प्रतिशत अन्तःशुल्क छूट दिइएको छ ।

(घ) तोरी, सरस्यूं, तील, आलस वा यस्तै कुनै तेलहनबाट तैयार गरिएको तेलमा अन्तःशुल्क लागि आएकोमा आजदेखि खारेज गरिएको छ ।

यस अनुसार अन्तःशुल्कबाट थप आय रू. २२ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

३. देशका मुख्य मुख्य करदाताहरूको आय भारतसंगको व्यापारमा नै आधारित रही-आएकोले अहिले यस्ता करदाताहरूलाई पनि केही हदसम्म प्रतिकूल प्रभाव परेको छ । यस्तो परिस्थितिमा आय करको दर बढाउन उपर्युक्त देखिन्न। तर आयकर प्रशासनलाई बढीदक्ष तुल्याउँदै लगी करको असूली बढाउने तिर आगामी वर्षमा विशेष प्रयत्न गरिनेछ । यसको साथै प्रचलित आय करको दर र व्यवस्थालाई बढी व्यावहारिक पार्न निम्नबमोजिम संशोधन गरेको छु । विदेशी फिल्म वितरकहरूको भने अहिलेको परिस्थितिमा अनुकूल प्रभाव परी कर तिर्न सक्ने क्षमता बढ्न गएकोले यस्ता फिल्म वितरकहरू माथि लगाएको आय करको दरमा परिवर्तन गरेको छु ।

(क) मुनाफा गर्ने उद्देश्यले गठन भएको कुनै स्वशासित संस्थाले गरेको वार्षिक खूद आय रू. १०,०००। सम्म ६ प्रतिशतका दरले कर लाग्ने व्यवस्था रहेको-मा स्वशासित संस्थाको सम्बन्धमा कतै भ्रम रहन गएको बुझिंदा नेपाल कानून बमोजिम रजिष्टर्ड भएका वा नभएका एक्लो स्वामित्व भएको वा हिस्सेदारहरू रहेका संस्था (फर्म) हरू बाहेक अरूलाई मात्र खूद आयको रू १०,०००।– (दसहजार) सम्ममा ६ (छ) प्रतिशतका दरले र त्यसपछिलाई साबिक तालिका अनुसार आय कर लाग्ने गरी स्पष्ट गरिएको छ ।

(ख) नेपाल अधिराज्यभित्र मुनाफा गर्ने उद्देश्यले कसैले कुनै काम गर्न रू. १०,००० (दस हजार) भन्दा बढी रकमको एक वा एक भन्दा बढी ठेक्का लिएमा पनि आर्थिक वर्ष २०२३।२४ देखि साबिक बमोजिमको दरबाट ठेक्का कर लाग्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

(ग) पेशा व्यवसायहरू मध्ये लेखापरीक्षण (अडिट) पेशा र इञ्जिनियरिङ्ग पेशालाई पेशा चलाउन कूल आयको दस प्रतिशतसम्म छूट दिई आएकोमा पेशा चलाउन खर्च नपुग्ने भएकोले आर्थिक वर्ष २०२३।२४ देखि यस्ता पेशाहरूलाई कूल आयको क्रमशः ४० (चालीस) र २५ (पच्चीस) प्रतिशत छूट दिने गरिएको छ ।

(घ) बिक्री कर हाल बजार भाउ घट्न गएको कारणबाट कम प्राप्त हुने भएकोले र यसलाई अझैं व्यावहारिक तुल्याई बिक्री कर लाग्ने गरेका केही वस्तुहरू जस्तै प्याक भएका सबै किसिमका खाद्य पदार्थ, ग्लाक्सो, हर्लिक्स, सुकेका फल इत्यादिमा आजदेखि बिक्री कर नलाग्ने गरी बिक्री कर लाग्ने वस्तुको सूचीमा केही हेरफेर गरेको छ । बिक्री कर लाग्ने वस्तुहरूलाई वर्गीकरण गरी बिक्री कर सम्बन्धी "अनुसूची" "क" मा उल्लेख भएका वस्तुहरूमा मूल्यको ३ (तीन) प्रतिशतका दरले र "अनुसूची" "ख" मा उल्लेख भएका वस्तुहरूमा मूल्यको ४ (चार) प्रतिशतका दरले बिक्री कर लाग्ने गरिएको छ । बिक्री करलाई चुहुन नदिन "अनुसूची" "ग" मा उल्लेख भएका वस्तुहरूको बिक्री कर श्रोतमै अर्थात् अन्तःशुल्क लाग्नेमा अन्तःशुल्क उठाउँदाको र अरूको भन्सार महसूल उठाउँदाको अवस्थामै असूल उपर गर्ने गरिएको छ ।

(ङ) सवारी कर ठाउँठाउँमा असूल गर्दा सवारी चालक र यात्रुहरूले पनि अनावश्यक झंझट सम्झी आएका र यातायातको रफ्तारमा बाधा पुग्ने, प्रशासनमा हुने खर्च पनि बच्न जाने भएकोले आजदेखि अधिराज्य भरको सवारी कर खारेज गरी पेट्रोल, डिजेलको आयातमा भन्सार महसूलको साथसाथै यस वापत थप प्रति ग्यालन क्रमशः रू. १।२५ (एक रूपैयाँ पच्चीस पैसा) र रू. २।५० (दुइ रूपैयाँ पचास पैसा) को दरले थप सरचार्ज लिइने व्यवस्था गरेको छु । यसबाट हाल लागि आएको रोडसेसको दर भन्दा घटी खर्च लाग्न जाने भै यातायातलाई विशेष प्रोत्साहन मिल्नेछ र विभिन्न माल वस्तुहरूको ढुवानी खर्च पनि कम हुन जानेछ ।

(च) विदेशी फिल्म वितरकहरूले पाउने गरेको रकममा ८ प्रतिशतका दरले आय-कर लागि आएकोमा आर्थिक वर्ष २०२३।२४ देखि ४० प्रतिशतका दरले आय कर लाग्ने गरिएको छ ।

उपर्युक्त परिवर्तनबाट थप आय रू. १ करोड ४५ लाख हुनेमा सवारी करबाट अनुमान गरिएको आय रू. ६० लाख कट्टा गर्दा थप आय रू. ८५ लाख हुने अनुमान छ ।

४. मालपोतको दर समयानुकूल नभएको कुरा निर्विवाद छ । ठाउँठाउँमा मालपोतको विभिन्न दर छँदाछँदै पनि तराई, उपत्यका र पहाडको दरमा समेत विभिन्नता छँदैछ । आज माल-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

पोतबाट कूल राजस्वको १६ प्रतिशत मात्र प्राप्त भएको छ। अतः यस श्रोतबाट राजस्वमा बढी योगदान हुने आशा गर्न सकिन्छ। मालपोतको दरमा बृद्धि गर्न तराई, उपत्यका र पहाडको दर तुलना गरी हेर्दा काठमाडौं उपत्यकामा ज्यादै चर्को दर अर्थात् रोपनीको रू. २८।– सम्म, त्यसपछि पहाडको दर पनि बढी देखिन्छ। पहाड भन्नाले स्वभावतः दुर्गम स्थान भएका र खेती गर्न पनि धेरै कठिनाई, पर्ने, प्राकृतिक कारणबाट पनि धेरै बाली नलाग्ने, यातायातको सुविधा नभएकोले कृषि उत्पादन वस्तुहरूको निम्ति बजारको समेत अभाव रहेकोले पहाडको भन्दा उपत्यका र तराईको मालपोतको दर बढी रहनु न्यायसंगत छ। तर भारतीय मुद्राको अवमूल्यनबाट कृषि क्षेत्रमा प्रतिकूल प्रभाव परेको छ र खास गरी यस्तो प्रभाव तराई क्षेत्रमा अझै बढी परेको छ। यस अवस्थामा कृषि-लाई प्रश्रय दिन खेतीको आयमा आर्थिक वर्ष २०२३।२४ देखि आयकर नलाग्ने गरी छूट दिई पहाडको मालपोतको दरलाई आधार मानी आर्थिक वर्ष २०२३।२४ देखि अधिराज्य भर मालपोत को एउटै दर कायम गरी दिएमा समानता आउनेछ। श्री ५ को सरकारको नीति पनि अधिराज्य-भर समान किसिमका जमीनमा समान दरबाट मालपोत उठाउने भएको र यसको निमित्त देशव्यापी कित्ता नापीको काम जोडतोडसंग चलिरहेको छ। अहिलेसम्म दुई जिल्लाको कित्ता नापीको काम पूरा भैसकेको छ र केही महीनाभित्रमा अरू सात जिल्लाको पनि पूरा हुनेछ। आर्थिक वर्ष २०२३।२४ को मालपोत तहसील गर्ने समयसम्ममा अरू केही जिल्लाहरूको पनि पूरा हुने लक्ष्य राखिएको छ। मालपोत सम्बन्धी अनुसूची अनुसारको दरबाट अधिराज्य भरको मालपोत आर्थिक वर्ष २०२३।२४ देखि तहसील गर्ने गरिएको छ। यसबाट नापी पूरा भएका ठाउँमा अनुसूचीको दफा १ अनुसार मालपोत लाग्नुको साथै नापी पूरा हुँदै गएपछि पनि क्रमशः यो दर लागू हुँदै जानेछ। नापी भै नसकेका ठाउमा किसिम खुलेका जति जमीनमा पनि अनुसूचीको दफा १ अनुसार र किसिम नखुलेकोमा अनुसूचीको दफा २ बमोजिम असूल गरिने भएको छ। यसबाट उपत्यकाको मालपोत-बाट हुने आयमा ५० प्रतिशत जति कमी हुनेछ। तर उपत्यकाका जग्गा धनीलाई अहिलेसम्म परिरहेको ठूलो मर्काबाट छुटकारा हुनेछ। यसबाट युगौंदेखि रहि आएको मालपोतको दरको असमानता अन्त हुन गई सामाजिक न्यायको आधारमा आर्थिक असमानता समेत घट्दै जानेछ तर गुठीको प्रचलित दरबाट कूत बुझाउने किसानहरूलाई भने रैकर जमीनको तुलनामा बढी कूत बुझाउन परी मर्का परिरहेकोले र असमानता रही नै रहेकोले ठेक्कामा लागेको जमीन बाहेक कूतमा लागेको जमीनमा भूमि सम्बन्धी ऐन, २०२१ मा व्यवस्था भएको कूतको दर बमोजिम नै आर्थिक वर्ष २०२३।२४ देखि गुठी संस्थानले कूत लगाउने गरी व्यवस्था मिलाइने पनि भएको छ। मालपोतको दरमा समानता ल्याएको फलस्वरूप थप राजस्व रू. २ करोड ५ लाख प्राप्त हुने अनुमान गरिएको छ।

उपर्युक्त बाहेक अरू कुरामा साविक बमोजिम यथावत् राखिएको छ।

मैले माथि प्रस्तुत गरेको कर प्रस्तावबाट रू. ६ करोड ३० लाख थप राजस्व प्राप्त हुने अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसरी आर्थिक वर्ष २०२३।२४ को निमित्त कूल आय रू. ३४ करोड ५३ लाख ९२ हजार चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा ५४ प्रतिशत बढी आय हुने भएको छ। साधारण तर्फको खर्च पुऱ्याई रू. १७ करोड ५५ लाख ७८ हजार बचत गरी त्यसबाट विकासतर्फ श्री ५ को सरकारले व्यहोर्नु पर्ने खर्च रू. १५ करोड ९४ लाख ६६ हजार व्यहोरी रू. १ करोड ६१ हजार खूद बचत हुन आएको छ। यसरी नेपालमा बजेट व्यवस्था शुरू भएदेखि साधारण र विकासतर्फ समेतको खर्च पुऱ्याई यति रकम बचत गर्नसकेको पहिलो पटक हो। हुनत साधारणतया बचतकै बजेट हुनु आवश्यक छैन, तर पनि चालू आर्थिक वर्षमा हुने घाटालाई पूर्ति गर्न र वर्तमान मुद्रा नीतिको पृष्टभूमिमा आयव्ययबाट केही रकम भए पनि बचत गर्दै जान आवश्यक भएकोले बजेटमा बचतको व्यवस्था मिलाएको छु।

साधारणतः यसरी खुद बचत भएको अवस्थामा कुनै प्रकारको ऋण उठाउन आवश्यक छैन तापनि हाम्रो देशमा गैर सरकारी क्षेत्रको सानातिना पूंजीहरू सङ्कलन गरी विकास कार्यमा लगाउने व्यवस्था भरखर २।३ वर्षदेखि मात्र सन्तोषजनक रूपले चली आएको र पूंजी सङ्कलनको दृष्टिबाट समेत यसलाई कायमै राख्न पर्ने भएकोले आगामी वर्षमा पनि रू. ५० लाखसम्मको विभिन्न किसिमको विकास ऋणहरू उठाउने व्यवस्था मिलाएको छु।

श्री ५ को सरकारबाट पञ्चायतहरूलाई दिइने अनुदानको रकम बढ्दै गए तापनि, पञ्चायतहरूले आफूलाई चाहिने रकम मध्ये सकभर बढी रकम आन्तरिक साधनहरूको परिचालनद्वारा प्राप्त गर्नुपर्ने कुरा स्पष्टछ र यस दिशातर्फ पञ्चायतहरूद्वारा प्रयास पनि भइरहेकैछ। तर कुनै पनि कर असूल गर्न एउटा उपर्युक्त प्रशासकीय संगठन चाहिने र त्यसमा पर्याप्त खर्च पनि हुन जाने भई विभिन्न पञ्चायतहरूले भिन्दा भिन्दै करहरू उठाउँदा धेरै जसो रकम उठाउने काममा खर्च भई विकास कार्यका लागि थोरै रकम मात्र उपलब्ध हुन आउँछ। यस कुरालाई ध्यानमा राखी तथा विभिन्न पञ्चायतहरूले आत्मनिर्भर हुन तथा स्थानीय विकास गर्न गरेको प्रयत्नमा अझ बढी सहयोग दिने उद्देश्यले पञ्चायतहरूलाई निम्नलिखित थप आर्थिक श्रोतहरू आगामी आर्थिक वर्षदेखि उपलब्ध गराउने व्यवस्था गरेको छु। यस्ता श्रोतहरूबाट प्राप्त हुने रकम विभिन्न पञ्चायतहरूमा वितरण गर्न छुट्टै व्यवस्था मिलाइनेछ। यसबाट ज्यादै पिछडिएका जिल्ला वा गाउँका पञ्चायतहरूलाई विशेष रूपले फाइदा पुग्न गै छिटो विकास गर्न अवसर मिल्नेछ भन्ने मेरो धारणा छ।

१. रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० अनुसार लागेका र लाग्ने मद भट्टी रकम, चर्सा रकम र जगर रकमको ठेक्काहरूको ठेक अङ्कको केही प्रतिशत पञ्चायतलाई थप अनुदानको निम्ति ठेकदारहरूबाट किस्ता बुझ्दाकै अवस्थामा कट्टा गरी आर्थिक वर्ष २०२३।२४ देखि कानूनी व्यवस्था मिलाइनेछ। साथै वनकसको ठेक्काबाट पनि पञ्चायतहरूलाई ठेक अङ्कको केही प्रतिशत थप अनुदान दिने कानूनी व्यवस्था मिलाइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सवारी कर सम्बन्धी माथि भनेको व्यवस्थाबाट इन्धन (डिजेल तथा पेट्रोल) मा सरचार्ज लाग्न गएकोले श्री ५ को सरकारले सवारी कर नउठाउने भएको छ । तर अहिलेसम्म गाडाहरूबाट पनि कर उठाउने गरेकोमा अब उप्रान्त गाडाहरूबाट पञ्चायतले सवारी कर ऐन, २०१८ मा तोकिएको दरमा नबढाई सवारी कर उठाउन पाउने छन् ।

५

अध्यक्ष महोदय, अब म आगामी आर्थिक वर्ष २०२३।२४ को विदेशी विनिमयको आयव्यय सम्बन्धी विवरण पेश गर्दछु । हुन त विकासोन्मुख अवस्थामा रहेका सबै देशहरूको निम्ति विदेशी विनिमयको आय–व्यय बडो महत्वको कुरो हुन्छ । त्यसको साथै हालै श्री ५ को सरकारले अपनाएको मुद्रा नीतिको सन्दर्भमा विदेशी विनिमयको आय–व्ययको महत्व अझ बढेको छ र हामीले यस बारेमा विशेष ध्यान राख्नु पर्ने आवश्यकता देखिएको छ ।

चालू आर्थिक वर्षमा परिवर्त्य विदेशी मुद्राको आय रू. ५ करोड ९० लाख र व्यय रू. ८ करोड २८ लाख अनुमान गरिएकोमा संशोधित अनुमान आय रू. ९ करोड ६४ लाख ८१ हजार र व्यय रू. ६ करोड ४२ लाख ८० हजार हुने देखिएको छ। यसरी रू. २ करोड ३८ लाख ८७ हजारको घाटा अनुमान गरिएकोमा अब रू. ३ करोड २२ लाखको बचत हुने भएको छ । आय तर्फ मालसामानको निर्यातबाट रू. १ करोड १० लाख हुने अनुमान गरिएकोमा अब रू. ३ करोड २६ लाख ३६ हजार हुने संशोधित अनुमान छ र यो नै उत्साहवर्धक प्रवृत्ति हो । यसबाट भारत बाहेक विदेशी मुलुकहरूसंगको हाम्रो निर्यात व्यापारमा सालसालै निकै वृद्धि भइरहेको कुरा स्पष्ट देखिन्छ । विदेशी सहायताबाट रू. ७० लाख प्राप्त हुने अनुमान भएकोमा रू. ५१ लाख ८० हजार जति मात्र हुने संशोधित अनुमान छ । विविध शीर्षक अन्तर्गत रू. १ करोड २५ लाख अनुमान गरिएकोमा रू. ३ करोड २२ लाख ९८ हजार हुने संशोधित अनुमान छ । यस शीर्षकमा चीन-नेपाल क्लियरिङ्ग एकाउण्टबाट प्राप्त खूद बचत रू. १ करोड २ लाख थपिन आएको छ । र यो बचत पनि हाम्रो निर्यातबाटै भएकोले हाम्रो निर्यातबाट हुने खूद आय अझ बढी नै भएको छ । खर्च तर्फ विकास आयोजनाको निम्ति छुट्याइएको रकममा करीब २८ प्रतिशत कम खर्च हुने भएको छ । ऋण मोचन कोषतर्फ रू. ५३ लाख खर्च हुने अनुमान गरिएकोमा रू. ४ लाख ६० हजार मात्र खर्च हुने संशोधित अनुमान छ । रूसी ऋण भुक्तानी श्री ५ को सरकारबाट विदेशी मुद्रामा गर्नु पर्नेमा त्यति मोलको मालसामान रूसमा निर्यात गरी भुक्तानी दिने व्यवस्था मिलाइएकोले यस शीर्षकको संशोधित खर्च घट्न गएको हो ।

आर्थिक वर्ष २०२३।२४ को निम्ति परिवर्त्य विदेशी विनिमयतर्फ आय रू. ७ करोड ५० लाख र व्यय रू. ८ करोड १३ लाख ३३ हजार हुने अनुमान छ । खर्चको रकमहरू मध्ये रू. १ करोड जगेडा कोषको निम्ति छुट्याइएको रकम खर्च भनी देखाइएतापनि वास्तवमा यो रकम खर्च नहुने भएकोले सो कटाउँदा रू. ७ करोड १३ लाख ३३ हजार मात्र खर्च हुनेछ । यसरी आगामी आर्थिक वर्षमा रू. ३६ लाख ६७ हजारको परिवर्त्य विदेशी मुद्राको बचत हुन आउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन त विदेशी विनिमयको सञ्चयमा धेरै वृद्धि हुँदै जानाले आर्थिक व्यवस्थामा पनि केही नराम्रो असर पर्ने सम्भावनै हुन्छ तापनि श्री ५ को सरकारबाट हालै ने.रू. र भा. रू. को सटही दरमा परिवर्तन गरेको फलस्वरुप भा. रू. को सञ्चयमा विशेष दबाव पर्ने भएकोले पनि हामीले परिवर्त्य विदेशी मुद्राको सञ्चयमा हाल विशेष ध्यान दिनु पर्ने आवश्यकता पर्न आएको छ। तर यसको साथै भारतीय मुद्राको सञ्चय माथि पर्ने दबाबलाई नियन्त्रण गर्न श्री ५ को सरकारले आवश्यक उपायहरू अपनाउँदैछ । यसै सिलसिलामा, अध्यक्ष महोदय, आगामी आर्थिक वर्षमा देशभरी नेपाली मुद्राको चलनचल्ती लागू गर्ने कार्य सम्पन्न गरिनेछ। यसको साथै वर्तमान स्थितिमा हाम्रो भारतसंगको व्यापारलाई क्रमशः संस्थानान्तरित गर्दै लैजानु पर्ने आवश्यकता भएकोले राष्ट्रिय वाणिज्य बैङ्कका शाखाहरू यसै वर्ष तराईका केही स्थानहरूका साथै जुम्ला, सुर्खेत र गुल्मी जस्ता पहाडी इलाकाहरूमा समेत खोलिसकेका छन्। देश भरी बैङ्किङ्ग व्यवस्था सुलभ तुल्याउन श्री ५ को सरकारले विशेष ध्यान दिनेछ।

गैर सरकारी क्षेत्रलाई बैङ्कहरूले पुऱ्याउने व्यापारिक उधारको पनि आर्थिक विकासमा एक महत्वपूर्ण स्थान रहन्छ। यस्तो उधार वाणिज्य बैङ्क तथा अरू आर्थिक संस्थाहरूले दिने भएकाले देशको हितको निम्ति यसमा केही न केही नियन्त्रण राख्नु जरूरी हुन्छ। यसको बढी परिमाण भएमा वा अनुचित क्षेत्रमा विस्तृत हुन गएमा देशको आर्थिक अवस्थामा नै खलबली ल्याउन सक्छ र सरकारको मौद्रिक नीति नै निरर्थक हुन जाने सम्भावना पर्न आउँछ। अतः एव देशको समस्त उधार अवस्था प्रति जागरूक भई निरन्तर अध्ययन हुनु पर्छ भन्ने श्री ५ को सरकारको नीति छ। यस सम्बन्धमा उधारको विस्तारबाट मुद्राप्रदाय बढ्ने भएको र वर्तमान मौद्रिक नीतिको सन्दर्भमा मुद्राप्रदाय बढ्न नदिनु आवश्यक भएकोले उधारको विस्तार माथि र खास गरी आयात उधार माथि आवश्यकता तथा परिस्थिति अनुसार विशेष नियन्त्रण गर्ने कदमहरू आगामी वर्षहरूमा नेपाल राष्ट्र बैङ्कले लिंदै जानेछ।

६

अध्यक्ष महोदय, हालै श्री ५ को सरकारबाट नेपाली रुपैयां र भारतीय रुपैयांको सटही दरमा परिवर्तन गरेको कुरा माननीय सदस्यहरूलाई थाहा भइसकेको छ। यो परिवर्तन हाम्रो अर्थ व्यवस्थाको निम्ति एक महत्वपूर्ण कदम भएकोले यो परिवर्तन किन र कसरी ल्याइयो तथा यस परिवर्तनबाट हाम्रो अर्थ व्यवस्थामा के कस्ता असर पर्छन् र यस सन्दर्भमा हाम्रो वित्तीय, आर्थिक विकास, उद्योग–व्यापार तथा कृषि उत्पादन सम्बन्धी नीति के कस्तो हुनु पर्ने हो त्यस सम्बन्धमा श्री ५ को सरकारको दृष्टिकोण म यहां स्पष्ट गर्न चाहन्छु।

२०१६ साल चैत्रभन्दा अगाडिसम्म हाम्रो देशमा द्वैध मुद्रा प्रणाली तथा ने. रु. र भा. रु. को सटही दरमा बराबर घटबढ भइरहेको कारणबाट हामीले अनुभव गरेको कठिनाइ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अझसम्म ताजै छ । २०१६ साल चैत्रमा श्री ५ को सरकारले ने. रु. र भा. रु. को सटही दर तोकी असीमित सटही दिने व्यवस्था मिलाउनाको साथै देशभरि क्रमिक रूपले ने.रु. को मात्र प्रचलन गर्ने नीति पनि निर्धारित गऱ्यो । यसैको फलस्वरूप देशका सबैजसो मुख्य व्यापारिक केन्द्र तथा शहरी क्षेत्रमा नेपाली मुद्राको प्रचलन भइसकेको छ र आज गाउं घरहरूमा पनि यसको प्रचलन बिस्तार हुंदैछ । विगत ३।४ वर्षदेखि श्री ५ को सरकारले घाटाको अर्थ व्यवस्था नअपनाई साधारणतर्फको बजेटमा बचत गरी निकै ठूलो अंश विकासतर्फ खर्च गर्दै आए तापनि विदेशी विनिमयको सञ्चयमा सालसालै भएको वृद्धि र भारतीय मूल्यबाट हाम्रो आर्थिक अवस्थामा पर्दै गएको असरले गर्दा समेत हाम्रो देशमा पनि मूल्य वृद्धि हुंदै आएको थियो । यसरी मूल्य वृद्धि समेत हाम्रो निम्ति एउटा समस्या हुंदै आएको थियो । ने. रु. र भा. रु. को सटही दरमा कायम भएको स्थायित्व, ने.रु. प्रति जनताको बढ्दै गएको आस्था र अनावश्यक मूल्य वृद्धिलाई नियन्त्रित गर्नु पर्ने समेत आवश्यकताको सन्दर्भमा श्री ५ को सरकारले केही समय अगाडिदेखि नै ने. रु. र भा.रु.को सटही दरमा परिवर्तन ल्याउनेतर्फ विचार गर्दै नै थियो । तर यसै बीच भारत सरकारले भारतीय मुद्राको अवमूल्यन गऱ्यो र हामीले पनि यस विषयमा एउटा निर्णय लिनु पर्ने आवश्यकता पऱ्यो । मैले माथि उल्लेख गरेको हाम्रो आर्थिक स्थितिमा ने. रु. को अवमूल्यन गर्नु आवश्यक नभएकोले हामीले अरू विदेशी मुद्रासितको नेपाली मुद्राको सम्बन्ध यथावत् राख्यौं । यसको फलस्वरूप ने. रु. र भा. रु. को सटही दरमा परिवर्तन हुन आयो ।

अध्यक्ष महोदय, ने. रु. र भा. रु. को सटही दरमा भएको यस परिवर्तनबाट हाम्रो अर्थ व्यवस्थालाई तात्कालीन तथा दीर्घकालीन के कति लाभ हुनेछ त्यस बारे म दुई चार कुरा उल्लेख गर्न चाहन्छु । सर्वप्रथम यस परिवर्तनबाट नेपाली मुद्राको प्रतिष्ठा देश तथा विदेशी बजारमा समेत बढ्न जानुको साथै भविष्यमा समेत हामी आफ्नो आवश्यकतानुसारको स्वतन्त्र मुद्रा नीति अपनाउंदै जान विशेष समर्थ हुनेछौं । दोस्रो, भारतीय मूल्यको प्रभावले गर्दा नेपालमा भइरहेको अनावश्यक मूल्य वृद्धि यस परिवर्तनले साधारणत: घटाउनेछ । तर भारतमा अझ मूल्य बढ्न गएमा हामी कहां पनि त्यसको असर पर्ने भएकोले मूल्य बढ्न जाने सम्भावना छ तापनि हामीले आवश्यकतानुसार भन्सार महसूल सम्बन्धी उपायबाट मूल्यलाई नियन्त्रण गर्न समर्थ हुंदै जानु परेको छ । यस परिवर्तनबाट हाम्रो अर्थ व्यवस्थालाई हुने तेस्रो लाभ यो पनि छ कि यसले हाम्रो विकासको गति अझ तीब्रतर पार्न मद्दत गर्नेछ । अर्थात् हाल विकासको निम्ति उपलब्ध साधनहरूबाट बढी लक्ष्य प्राप्त गर्न सकिनेछ ।

एकातिर यो कदम आजको हाम्रो अवस्थामा आवश्यक र व्यावहारिक थियो त अर्कोतिर यस नयां किसिमका समस्याहरू पनि देशको अगाडि उत्पन्न गराएको छ । सर्वप्रथम ने. रु. र भा.रु. को नयां सटही दरले गर्दा भारतबाट आयात हुने मालसामानहरू सस्तो हुन गई आयातमा वृद्धि हुने र नेपालबाट भारतमा हुने निर्यात घट्न जाने प्रवृत्ति स्वाभाविक हुन गएको छ । अप्रत्या-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शित रूपबाट आयातमा बृद्धि र निर्यातमा कमी हुन गएमा हाम्रो भारतसंगको व्यापार शोधनान्तरमा न्यून हुन गई विदेशी विनिमयको सञ्चयमाथि विशेष दबाब पर्नेछ र यसले हाम्रो वर्तमान मुद्रा नीतिलाई नै असर पार्दै जान सक्नेछ। तसर्थ भारतबाट हुने आयातलाई नियन्त्रणमा राख्न भारतबाट आयात हुने वस्तुहरूको पैठारी महसूलमा बृद्धि गर्नु आवश्यक छ। साथै निर्यातमा कमी हुन नदिन निर्यात महसूलमा कमी गर्नु तथा देशभित्र उत्पादन गरिने मालसामानहरू मध्ये निर्यात हुने जतिमा अन्तःशुल्कको सहुलियत समेत दिनु आवश्यक छ। यिनै कुरालाई ध्यानमा राखी श्री ५ को सरकारले केही दिन अगाडि भन्सार महसूल तथा अन्तःशुल्कको दरमा हेरफेर गरेको छ र प्रस्तुत बजेटमा पनि हेरफेर गर्ने प्रस्ताव राखिएको छ। यसै सिलसिलामा यहां म यो कुरा भन्न चाहन्छु कि भन्सार महसूलको दरबन्दीमा प्रस्तावित गरिएको हेरफेर अन्तिम होइन। आवश्यकतनुसार र वस्तु स्थितिको ख्याल राखी श्री ५ को सरकारले समय समयमा अरू कदमहरू लिंदै जानेछ। आयातको परिमाणलाई आवश्यकता अनुसार नियन्त्रण गर्न, निर्यात व्यापारलाई विशेष रूपले प्रोत्साहन दिन र स्वदेशी उद्योगहरूलाई आवश्यक मात्रामा संरक्षण प्रदान गर्न श्री ५ को सरकारले नयां भन्सार सम्बन्धी नीति अवलम्बन गरेको हो।

नयां सटही दरबाट श्री ५ को सरकारको राजस्वमा पनि कमी हुनु स्वाभाविक छ। यस कमीलाई पूर्ति गर्नाको साथै वर्तमान मुद्रा नीतिको अनुरूप श्री ५ को सरकारले सम्पूर्ण सरकारी आय–व्ययबाट बचत गरी मौज्दात समेत संकलन गर्दै जानु आवश्यक छ। आगामी आर्थिक वर्षहरूमा श्री ५ को सरकारको वित्तीय तथा कर नीति मुख्यतः यसै कुरामा आधारित हुनु पर्दछ। तसर्थ आगामी आर्थिक वर्षको बजेटमा यस कुरालाई ध्यानमा राखी नयां करहरू प्रस्ताव गरेको छु। वित्तीय तथा बजेट सम्बन्धी नीति अनुरूप, माथि मैले उल्लेख गरे अनुसार, मौद्रिक क्षेत्रहरूमा समन्वय पूर्ण नीतिहरू सञ्चालन गरी देशको अर्थ व्यवस्थालाई सुदृढ गर्नेमा श्री ५ को सरकार विशेष सचेष्ट रहनेछ।

नेपालमा स्थापित भएका पैठारी घटाउने उद्योगहरूलाई नयां सटही दरबाट पर्ने प्रभावबाट संरक्षण दिन आयात हुने त्यस्ता मालसामानहरूमा थप संरक्षण कर लगाइएको छ र भविष्यमा पनि यस्ता उद्योगहरूलाई श्री ५ को सरकारबाट आवश्यकतानुसारको संरक्षण दिने नीति कायम नै रहनेछ। तर यसको साथै नेपालबाट हुने निर्यातलाई बढाउने उद्योग तथा व्यवसायलाई श्री ५ को सरकारले विशेष प्रोत्साहन दिनेछ। देशको औद्योगीकरणमा गैरसरकारी पूंजी बढी मात्रामा अग्रसर गराउन श्री ५ को सरकारले ऐनको व्यवस्थाद्वारा दिइएका सुबिधाहरूमा अरू थप सुबिधाहरू समेत दिनेछ। नयां उद्योगहरूलाई उत्पादन प्रारम्भ भएको पहिलो ३ वर्ष कुनै अन्तःशुल्क नलाग्ने, चौथो वर्ष लाग्ने अन्तःशुल्कको ७५ प्रतिशत रिहाइ र पांचौं वर्षमा ५० प्रतिशत रिहाइ गरी छैठौं वर्षदेखि मात्र पूरा अन्तःशुल्क लगाइनेछ। साथै श्री ५ को सरकारले अग्राधिकार दिएका उद्योगहरूको निर्यात गरिने वस्तुहरूमा भन्सारको दरबन्दीमा उद्योगको किसिम हेरी ५० प्रतिशतसम्म रिहाइ समेत दिने व्यवस्था गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाल हाम्रो निर्यातको ७० प्रतिशत खाद्यान्न भएकोले निर्यात बढाउन कृषि उत्पादनमा पनि बढी रूपले बृद्धि हुनु आवश्यक छ । भूमिसुधार कार्यक्रमले मोहियानी अधिकार सुरक्षित गरी कुत समेत तोकिदिएकोले किसानहरूलाई बढी उत्पादन गर्न सक्ने सहुलियत प्राप्त गराइदिएको छ । जमीनको स्वामित्वमा हदबन्दी रहन गएकोले खेती गर्ने किसानलाई उत्पादन बढाउनामा उत्साहित गरेको छ । तर पनि वर्तमान मुद्रा नीतिको पृष्ठभूमिमा खेतीको उन्नति गर्न लघु सिंचाइ, उन्नत बीज, तथा मलको प्रयोगमा बेच बिखन तथा कृषि कर्जाको सहुलियत बढाउनमा समेत विशेष ध्यान दिई हाम्रो उत्पादन सकेसम्म छिटो बढाउन आवश्यक भइसकेको छ ।

यसरी मौद्रिक नीतिको आधारमा देशको सर्वतोमुखी विकासको निम्ति हाम्रो आर्थिक व्यवस्थामा विभिन्न क्षेत्रहरूमा व्यावहारिक तथा दरिलो रूपले आवश्यक कदमहरू उठाउंदै जानमा श्री ५ को सरकार कटिवद्ध छ । मौद्रिक नीतिको कार्यान्वयन सफल तुल्याउन धेरै कुराहरूको व्यवस्था गर्नु पर्नेछ र मुख्य रूपमा मौद्रिक बजारको सृजनाको निम्ति आवश्यक पृष्ठभूमि आगामी वर्षमा तयार गर्दै जानु पर्ने भएको छ । नेपाली मुद्राको चलन चल्तीको क्षेत्र देशभर विस्तृत गराउने काम यस सम्बन्धमा प्रमुख हो । सरकारको वित्तीय नीति बडो साहसी र दरिलो तुल्याउंदै लैजानु परेको छ । तदनुरूप आर्थिक विकास नीतिमा पनि मिल्दो आवश्यकताको आधारमा परिवर्तन ल्याउनु पर्नेछ । उत्पादन चांडो बढाउने किसिमका आयोजनाहरूले विशेष प्राथमिकता पाउंदै जानेछन् र कृषिको उत्पादन बढाउनामा सरकारले आवश्यक कदमहरू उठाउंदै जानेछ । देशमा भरखरै बढ्न लागेका उद्योगधन्धा खास गरी घरेलु तथा ग्रामीण उद्योगहरूलाई बाहिरी अनावश्यक प्रतिस्पर्धाबाट बचाउन संरक्षणात्मक कदमहरू सरकारले लिंदै जानेछ र विभिन्न उद्योगहरूको उत्पादन सम्बन्धी खर्चहरू कम गराउन अरू आवश्यक सुविधाहरू पनि सरकारले प्रदान गर्दै जानेछ । आयात निर्यात सम्बन्धमा अनावश्यक आयात माथि रोक लगाउन वा कमी मात्रामा ल्याउन र देशको औद्योगिक तथा कृषिबाट उत्पादन गरिएका वस्तुहरूको निर्यात बढाउन विभिन्न कदमहरू उठाउंदै जान परेको छ । उत्पादक र उपभोक्ता दुवैको हितलाई ध्यानमा राखी मूल्य स्थितिको व्यवस्था मिलाई मौद्रिक स्थिरतालाई सुदृढ तुल्याउनु परेको छ । यसरी विभिन्न क्षेत्रहरूको समन्वयात्मक आधारमा नीति निर्धारण गरी कार्यान्वित गर्नमा श्री ५ को सरकार सक्रिय छ ।

श्री ५ को सरकारबाट निर्धारित नीतिहरू सफलतापूर्वक कार्यान्वित गर्न दरिलो प्रशासन यन्त्र र सरल तथा वैज्ञानिक प्रशासकीय कार्यविधिको आवश्यकता महसूस गरी यसतर्फ गत केही वर्षहरूदेखि श्री ५ को सरकारले प्रयास गर्दै आएको छ । यसै सन्दर्भमा प्रशासन विकेन्द्रीकरण योजना आंशिक रूपमा लागू भइसकेको छ र यस योजना अनुसार आगामी आर्थिक वर्षमा प्रशासन विकेन्द्रीकरण योजनाको प्रथम चरण देशभरि लागू गरिनेछ ।

आर्थिक प्रशासनतर्फ श्री ५ को सरकारको वर्तमान मुद्रा नीतिको पृष्ठभूमिमा खास गरी भन्सार प्रशासनलाई दरिलो पार्न आवश्यक छ । ने. रु. र भा. रु. को नयां सटही दरले गर्दा भारतबाट हुने आयातको परिमाणमा हुने बृद्धिलाई रोक्न भन्सार महसूल बृद्धि सम्बन्धी उपायहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारले अपनाएको छ । यसको फलस्वरूप स्थानीय बजारबाट पैठारी हुने माल वस्तुहरूको चोरी पैठारी हुने धेरै सम्भावना भएको र यसो भएमा हाम्रो मुद्रा नीतिमाथि नै असर पर्न जाने भएकोले भन्सार प्रशासनतर्फ कर्मचारीको संख्या थप गरी र अरू आवश्यक सुविधाहरूको व्यवस्था समेत गरी प्रशासनलाई बलियो तुल्याउन श्री ५ को सरकारले विशेष ध्यान दिनेछ ।

प्रशासनको निम्ति आय-व्यय सम्बन्धी स्रेस्तामा पनि आवश्यक सुधारहरू ल्याउन विगत वर्षहरूमा सरकारले कदमहरू लिंदै आएको हो । राजस्वतर्फको स्रेस्ताको आन्तरिक लेखा परीक्षणको व्यवस्था कायम भइसकेकोमा यसै वर्षदेखि राजस्वतर्फको सम्पूर्ण स्रेस्तालाई एकाउण्टेण्ट जनरल अफिस मार्फत आन्तरिक लेखा परीक्षण गराउने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट राजस्व सम्बन्धी यथार्थ तथ्यांकहरू जुनसुकै बेला उपलब्ध तुल्याउन सकिनेछ । यसै गरी खर्चतर्फमा केन्द्रीय लेखा परीक्षण गर्ने व्यवस्था आगामी आर्थिक वर्षमा मिलाइने भएको छ ।

महोदय, विकासोन्मुख देशहरूमा आर्थिक विकासको गति तीव्रतर गर्न आर्थिक तथा राजनैतिक स्थिरताको साथै तिनको समन्वयात्मक विकास हुनु आवश्यक छ भन्ने तथ्य मैले दोहऱ्याइरहनु पर्ने होइन । आर्थिक विकास नभई राजनैतिक विकासको सम्भावना छैन र दुवैको एक अर्कासित अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । तसर्थ हामीले देशमा आर्थिक स्थिरता कायम राख्नु पर्नेछ । श्री ५ को सरकारले हालै अपनाएको स्वतन्त्र मौद्रिक नीतिको हाम्रो आर्थिक जीवनमा अत्यन्त नै महत्वपूर्ण स्थान छ; किनभने यसले देशको गतिशील आर्थिक विकासमा र खास गरी दीर्घकालीन आधारमा जीवनको प्रत्येक क्षेत्रमा स्वास्थ्यकर प्रभाव पार्नेछ । यसको निम्ति हामी सबैले श्री ५ महाराजाधिराज सरकारको कुशल नेतृत्वमा देशले अपनाएको पञ्चायत व्यवस्थाको मूलभूत सिद्धान्तहरूलाई गतिशील रूपबाट कार्यरूपमा परिणत गर्दै लैजान आफ्-आफ्नो ठाउंबाट सतत: प्रयास गर्दै गयौं भने मात्र सफलता प्राप्त गर्न सक्नेछौं । अध्यक्ष महोदय, अन्त्यमा माननीय सदस्यहरूलाई म विश्वास दिलाउन चाहन्छु कि श्री ५ को सरकार देशको चौतर्फी विकास गर्न दृढ संकल्प छ ।

बिक्री कर

अनुसूची (क)

१. जीवजन्तुको सबै किसिमको तयारी छाला, भुवादार समेत छाला वा भुवाबाट बनेका सबै किसिमको माल (अनुसूची 'ख' को दफा १ मा लेखिएको माल बाहेक) ।

२. बिडी ।

३. सबै जातका काठ र काठबाट बनेका मालसामान (तर बाल्ने दाउराको लागि प्रयोग हुने बिक्री कर लाग्ने छैन) ।

काठमाडौं अभिलेख संरक्षण/मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सबै किसिमका कपडा र त्यसबाट बनेका मालसामान (अनुसूची 'ख' को दफा ४ मा उल्लेख भएको बाहेक) ।
५. सतरञ्जा र भूइँमा बिछ्याउने सामानहरू (अनुसूची 'ख' को दफा ५ मा उल्लेख भएको माल बाहेक) ।
६. पेट्रोल, डिजेल, मोबिल, आइल, फर्नेस आइल, लुब्रिकेटिंग आइल, ब्रेक आइल, ग्रीज, अलकत्रा, मट्टितेल ।
७. स्पिरिट ।
८. धातु र धातुबाट बनेका सबै किसिमका सामान मालहरू (अनुसूची 'ख' को दफा ८ र ९ मा उल्लेख भएको माल बाहेक) ।
९. एसबिसटस वा ग्याल्भनाइज्ज प्लेन वा करोगेटेड सिट, फलामका छड डण्डी बीम, एंगील र पाताहरू ।
१०. मेशिनरीहरू र तत्सम्बन्धी पार्ट पूर्जाहरू (अनुसूची 'ख' को दफा १० मा उल्लेख भएको बाहेक) ।
११. अफिस मेशिन र तत्सम्बन्धी पार्ट पूर्जाहरू ।
१२. बिजुलीका मेशिनरी, पार्ट पूर्जाहरू र बिजुलीका सबै किसिमका सामानहरू (अनुसूची 'ख' को दफा १२ मा उल्लेख भएको माल बाहेक) ।
१३. साइकल, साइकल रिक्सा र तत्सम्बन्धी पार्टपूर्जाहरू ।
१४. ट्रेक्टर र तत्सम्बन्धी पार्टपूर्जाहरू ।
१५. सबै किसिमका फर्निचरहरू ।
१६. ट्रंक सुटकेस (अनुसूची 'ख' को दफा १ मा उल्लेख भएको माल बाहेक) ।
१७. प्लाष्टिक र सिन्थेसिसका मालसामानहरू ।
१८. रबर र रबरबाट बनेका मालसामानहरू ।
१९. सबै किसिमका जुत्ताहरू ।
२०. सबै किसिमका धागाहरू ।
२१. चस्मा, माइक्रस्कोप ।
२२. संगीतका वाद्य यन्त्रहरू ।
२३. छाता, बर्सादी, स्लिपिङ्ग बेग्स् ।
२४. सबै किसिमका ब्रुसहरू ।
२५. खेलकूदका सामानहरू ।
२६. खेलौनाहरू ।
२७. सिमेण्ट र सिमेण्टबाट बनेका मालसामानहरू ।
२८. कांच र कांचबाट बनेका माल सामानहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. मील र कारखानाबाट बनेका जटका माल सामानहरू ।

३०. सबै किसिमका साबुन ।

३१. वेल्डिङ्गका सबै सामानहरू ।

३२. सिगरेट लाइटर ।

३३. दांत माझ्ने पाउडर तथा पेष्ट ।

३४. बूट पालिस ।

३५. दिया सलाई ।

अनुसूची (ख)

१. छालाको बाकस, सूटकेश, सबै किसिमका ब्यागहरू, पञ्जा र तयारी पोशाकहरू ।

२. चुरोट, सिगार पैक भएको सूर्ती ।

३. कस्तूरी, गैंडाको खाग, हस्तिहाड ।

४. रेशमी, मखमली, ऊनी, नाइलन, टेरेलिन, डायक्रन र अन्य कृत्रिम रेशाबाट बनेका कपडाहरू र तीबाट बनेका मालसामानहरू ।

५. कार्पेट, गलैंचा, ऊनी रग, टाट, लिनोलियम ।

६. ह्विस्की, ब्राण्डी, रम, जीन, वाइन, बियर सबै किसिमका मदिरा तथा अल्कोहल मिश्रित औषधि बाहेकका सबै पेय वस्तुहरू ।

(तर रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० बमोजिम ठेक्का बन्दोबस्त भएका ठेकदारहरूले उत्पादन गरी बिक्री गर्ने मदिराको बिक्रीमा बिक्री कर नलागी ठेकदारहरूबाट वार्षिक ठेक अंकको ४ चार प्रतिशत बिक्री कर ठेक किस्ताको साथसाथै असूल उपर गरिनेछ ।)

७. स्टोभ, पेट्रोमेक्स, रेफ्रिजरेटर, एयरकुलर, पंखा, हिटर, कुकर ।

८. धातुबाट बनेका सबै किसिमका सजावटको मालसामान ।

९. सुन, चांदी, प्लेटिनम, रत्न, जवाहिरात तथा त्यसबाट बनेका गहना र मालसामानहरू ।

१०. मोटरकार, जीप, ल्याण्डरोभर, भ्यान, ट्रक, बस, लरी, चेसिस, मोटर साइकल र मोटर जडान भएका सबै किसिमका साइकलहरू ।

११. सबै किसिमका कटलरी सामानहरू ।

१२. रेडियो, ट्रान्जिष्टर, ग्रामोफोन, रिकर्ड प्लेयर, रेकर्ड, टेप रेकर्डर, टेप, लाउड स्पिकर, माइक्रोफोन, स्लाइड प्रोजेक्टर, सिनेमा प्रोजेक्टर ।

१३. फिल्म, तस्वीर छाप्ने कागज, केमेरा, एक्सपोजर मिटर, लेन्स, अन्य फोटोग्राफीका मालसामान, टेरिस्कोप ।

१४. चिनियां माटोबाट बनेका माल सामानहरू ।

१५. बाथरूम र सेनिटरी फिक्चर्स ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. श्रृंगारको निमित्त प्रयोग गरिने सबै किसिमका मालसामानहरू (तर कपालमा लगाउने धागो, रिबन तथा पोते र चुरामा बिक्री कर लाग्ने छैन) ।

१७. केशमा लगाउने तेल, क्रिम, स्याम्पु ।

१८. सबै किसिमका रङ्ग रोगनहरू–बार्नेस, पालिस, इनामेल, डिष्टम्पर, आलसको तेल, तार्पिनको तेल ।

१९. घडी, घडीका पार्ट पूर्जाहरू र बेंडहरू ।

२०. क्यूरियोका माल सामानहरू ।

२१. हात हतियार खर खजाना ।

अनसूची (ग)

१. कारखानाबाट बनेका जूटका मालसामानहरू ।

२. चुरोट, सिगार, बिडी प्याक भएको सूर्ती ।

३. स्टेनलेस स्टीलका मालसामान ।

४. ह्विस्की, ब्राण्डी, रम, जीन, वाइन बियर र सबै किसिमका मदिरा तथा अल्कोहल मिश्रित सबै पेय वस्तुहरू ।

५. दिया सलाई ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार अनुसूची (क)

(भन्सार दरबन्दी अनुसूची १,२ (ए. आर. वन फर्म समेत) ३ र ४ को परिशिष्ट)

भन्सार दरबन्दी (महसूल र सरचार्ज) का अनुसूची १, २ (ए. आर. वन इन्भ्वायस फार्मबाट पैठारी हुने समेत), ३ र ४ मा परेका माल वस्तुहरू मध्ये, देहायमा लेखिएका माल वस्तुहरूको पैठारी दरबन्दीमाथि, देहाय बमोजिम सरचार्ज थप लगाइएको छ । सो बमोजिम असूल उपर गरिनेछ ।

क्र. सं.	माल वस्तुका नाम	पैठारी दरबन्दीमाथि थप सरचार्ज मूल्यको प्रतिशतमा	कैफियत
१.	रक्सी, मदिरा र बियर	२५	
२.	तयारी लुगा सबै किसिम	२०	
३.	जुत्ता सबै किसिम	१५	
४.	घडी सबै किसिम	१५	
५.	कटलरी सब किसिम	१५	
६.	बाथरूमका सामान	१५	
७.	मोटर गाडी सबै किसिम	१०	
८.	मोटर साइकल, स्कूटर, अटो वा मोटर जडेका साइकल र रिक्साहरू	१०	
९.	श्रृंगारका सामान	१०	
१०.	बिजुलीका सामान	१५	
११.	कांचका सामान (खाली शिशी, बोतल, फायलहरू बाहेक)	१५	
१२.	चिनियां माटा र पोर्सलिनका सामान	१५	
१३.	चिया, काफी र कोको	१०	
१४.	बैटरीहरू:–		
	(क) ड्राइ बैटरी	१५	
	(ख) वेट वा स्टोरेज	१५	
	(ग) इलेक्ट्रिक बैटरी	१५	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. साबुन, लुगा धुने नुहाउने समेत सबै किसिम		१०
१६. सूती कपडाः–		
(क) मोटा (कोर्स)		१०
(ख) मझौला (मिडियम)		१५
(ग) मसिनु (फाइन) र अति मसिनु (सुपर फाइन)		१८
१७. औषधि		१०
१८. फलाम र स्टीलका छडी, डण्डी		१५
१९. स्टीलका डण्डी		१०
२०. फलाम र स्टीलका सत्तरी, पाता (सिट) (गैल्भेनाइज्ड प्लेन वा करुगेटेड, तारहरू (स्क्रैप टुक्रा टाक्रा बाहेक)		१०
२१. तामा, पित्तल, जस्ता, शिशा, आल्मोनियम र यिनका मिश्रण धातुका छड, डण्डी, सत्तरी, पाता (सिट), कोनिया, धुरी, तारहरू		१०
२२. चिनी		१५
२३. चुरोट (सिगरेट)	प्रतिहजार खिल्ली	
(१) मूल्य रु. २०।– सम्म पर्नेको	"	रु. ६।–
(२) मूल्य रु. २०।– भन्दा बढी रु. ५०।– सम्म पर्नेको	"	रु. १०।–
(३) मूल्य रु. ५०।– भन्दा बढी पर्नेको	"	रु. १३।–
२४. हवाइ पेट्रोल र एभिएशन फ्यूयल	प्रतिग्यालन	रु. १।२५
	मूल्यको प्रतिशत	
२५. माथि लेखिएका विषयहरू माथि लेखिए बमोजिम र विदेशबाट नेपाल अधिराज्यमा पैठारी हुने अरू सबै माल सबै वस्तुहरूमा		५

तर,

वेहायका माल वस्तुहरूमा, यही २०२३ साल आषाढ २ गतेदेखि लागू भएको सरचार्ज मूल्यको प्रतिशत १० (दश) र यो दफा २५ को सरचार्ज नलाग्ने गरिएको छः–

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. नून र सिधे नून
२. पेट्रोल (हवाइ पेट्रोल बाहेक)
३. डिजेल आयलहरू
४. मटितेल
५. सिमेण्ट
६. स्क्रैप (फलाम, स्टील, तामा, पित्तल, जस्ता, शिशा, कांच आदि धातुका)
७. न्यूज प्रिण्ट
८. सलाई बनाउने कागज र बिडीको लेबुल कागज
९. मल, खाद र फर्टिलाइजर
१०. औद्योगिक कच्चा माल सामान
११. भन्सार पैठारी महसूल "माफी" गरिएका माल वस्तु
१२. जूट बैचिङ आयल
१३. मोबिल र ल्युब्रिकेटिङ आयल
१४. फर्नेस आयल
१५. पत्थर कोयला
१६. कच्चा धातु (धाउ)
१७. कच्चा ऊन
१८. कांचो छाला
१९. पाट जूट
२०. कपास
२१. सूती धागो
२२. साग सब्जी
२३. आलू
२४. सखरखण्ड र पिण्डालु
२५. सबै खाद्यान्न र त्यसको पीठो समेत
२६. दलहन र त्यसको बेसन समेत
२७. तेलहन
२८. भूस र ढुटो
२९. खली, पिना
३०. गुंड, सखर, चाकू
३१. फलफूल
३२. भोटे चिया
३३. माछा र सिध्रा माछा
३४. सुंगुरको जगर
३५. महुवा
३६. बिडी बनाउने पात
३७. सज्जी माटो
३८. रासायनिक पदार्थ
३९. सुन र सुनका गहना भांडा वर्तन
४०. जवाहरात र जवाहारात जडेका गहना
४१. चांदी र चांदीका गहना भांडा वर्तन
४२. खेतीका ट्रैक्टर
४३. भूस्सा पराल घांस
४४. प्रचारका सामान
४५. लेख पढका सामान
४६. घोडा घोडी, खच्चर गाई, गोरु, चौंरी, जमुना गाई बाछा बाछी
४७. कृत्रिम मखन तथा सबै किसिमको वनस्पति घ्यू
४८. घ्यू र नौनी (मखन)
४९. सर्स्युं, रायो, तोरी र तिलको तेल
५०. दूध दही
५१. कांचको खाली शिशी बोतल
५२. खसी बोका च्यांग्रा भेंडा रांगो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार अनुसूची (ख)

(भन्सार दरबन्दी अनुसूची १ को परिशिष्ट)

क. सं.	मालवस्तुका नाम	इकाइ	दरबन्दी निकासी	कैफियत
१.	धान	प्रतिकिलोग्राम	रु. १०५	
२.	चामल	"	रु. १०४$\frac{3}{4}$	
३.	चामलको कनिका	"	रु. १०४$\frac{3}{4}$	
४.	मकै र मकैको पिठो	"	रु. १०३	
५.	अरू अनाज र त्यसको पिठो	"	अ. सू. २ को दर	
६.	दलहन र त्यसको पिठो	"	अ.सू. २ को दर	
७.	सर्स्यु, तोरी, रायो र तीलको तेल	"	रु. १९५	
८.	घ्यू	"	रु. १९५	
९.	सुठो	"	रु. ११०	
१०.	चिया	"	रु. ११५	
११.	कांचो छाला– गाई गोरु, चमरी लुसुवा, झोपा, रांगा भैंसीको	थान १ के	रु. ११२५	
१२.	कांचो छाला–ऐ बाछा बाछी पाडापाडीको	"	रु. ११	
१३.	काँचो छाला–खसी बोका, भेंडा च्यांग्रा, पाठा पाठीको	"	रु. १६३	
१४.	जडीबूटी	अ. सू. ५ सरह	अ.सू. ५ सरह	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालपोत सम्बन्धी

अनुसूची

१. नापी पूरा भएका तथा जग्गाको किसिम खुलेका ठाउँको लागिः–

किसिम	क्षेत्रफल माटो मुरी १ मा	रोपनी १ मा	बिगाहा १ मा
अवल	रु. –।६५	रु. २।६०	रु. ३४
दोयम	रु. –।५५	रु. २।२०	रु. २९
सीम	रु. –।४५	रु. १।८०	रु. २३
चाहार	रु. –।३५	रु. १।४०	रु. १८

२. नापी पूरा नभएका र किसिम नखुलेका ठाउँको लागिः–

जमीन	क्षेत्रफल माटो मुरी १मा	रोपनी १ मा	क्षेत्रफलनखुलेको	बिगाहा१मा
किसिम नखुलेको	रु. –।३५	रु. १।४०	–	–
बिजन माना १ मा	–	–	रु. –।१०	–
हले	–	–	रु. ३।–	–
पाटे	–	–	रु. १।५०	–
कोदाले	–	–	रु. –।७५	–
रु. २०।– लागि आएको	–	–	–	रु. ३४
रु. १५।– लागि आएको	–	–	–	रु. २६
रु. १०।– लागि आएको	–	–	–	रु. १८

उपत्यकामा कुनै जग्गामा नगदी पोत र कुनैमा सेरमा, ओलक, सा. फा., घर धुरी इत्यादि विभिन्न रकम विभिन्न दरबाट लागि आएकोमा त्यस्ता सबै रकम खारेज गरिएको छ र आठा सरह त्यस्ता जग्गामा उपरोक्त दरबाट मालपोत लगाउने गरिएको छ । तर पहाडतर्फको दरकै आधारबाट पोत दर कायम भएकोले पहाड तर्फको यसमा उल्लेख गरेदेखि बाहेकका अरू दरहरू यथावत् कायम छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४२

व्यय र खर्च व्यहोर्ने श्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

२०२१।२२ को यथार्थ	व्यय	२०२२।२३ को शंसोधित अनुमान	२०२३।२४ को अनुमान
३४,९८,५३	कूल खर्च	४४,१४,८०	५४,६२,१०
११,७९,४३	साधारणतर्फ	१५,२३,५६	१६,९८,१४
२३,१९,१०	विकासतर्फ	२८,९१,२४	३७,६३,९६
	खर्च व्यहोरिने श्रोतहरू		
१९,२३,४२	राजस्वबाट	२२,४१,३०	३४,५३,९२
	आयको वर्तमान श्रोतबाट		२५,२३,९२
	कर प्रस्तावबाट		९,३०,००
१४,१०,४७	विदेशी सहायता	१७,७२,३७	२१,९६,२७
६,२७,३६	भारत	८ ८८,७६	११,३१,९४
६,५५,३०	अमेरिका	६,००,३७	४,८१,६३ ○
१,२१,४४	चीन	१,६१,३७	३,०२,२०
४,६३	रूस	१.१४,५०	१,८५,००
१,७४	अन्य	७,३७	६८,५०
१,६४,६४	न्यून	४,०१,१३	
	न्यून व्यहोरिने अन्य श्रोतहरू		
५८,५९	विदेशी ऋण	३३,००	×
७५.००	आन्तरिक ऋण	७५,००	५०,००
२,१०,४५	गत बर्षको मौजदात	१,७९,४०	×
+१,७९,४०	बचत(+) वा घाटा(−)	−१,१३,७३	+३,११,०६

○ यो रकम जेष्ठ २४,२०२३ भन्दा अगावै अन्तिम भैइसकेकोले घटबढ हुने संभावना छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४६

(ख)

२०२३।२४ को राजस्व
अनुमान
तेरिज

रु. हजारमा

सि. नं.	शीर्षक	२०२१।२२ को यथार्थ	२०२२।२३ को संशोधित अनुमान	२०२३।२४ को अनुमान
१.	भन्सार	८,३३,०८	६,५१,००	१२,४२,००
२.	अन्त:शुल्क	१,३८,८०	२,५७,०६	२,९५,००
३.	मालपोत	४,३१,५८	४,५०,००	४,४०,००
४.	वन	२,०८,६६	१,४८,१०	१,४३,१०
५.	कर	७४,१५	१,८२,०९	१,८०,६८
८	रजिष्ट्रेशन	३०,९०	२३,४०	१८,९०
७.	सिंचाइ र पानी	३,१९	४,५०	६,५०
९.	सञ्चार	२४,११	३३,००	३५,००
१०.	यातायात	६५,४५	५५,५०	६५,५०
११.	ब्याज तथा लाभांश	३९,१६	६९,००	३१,५९
१२.	निजामती प्रशासन	५४,७०	५०,००	४७,५०
१३.	विविध	१९,६४	१७,६५	१८,१५
		१९,२३,४२	२२,४१,३०	२५,२३,९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२३।२४ को व्यय अनुमान

तेरिज

रु. हजारमा

	साधारण तर्फ	विकास तर्फ	जम्मा
१. संवैधानिक अङ्गहरू	८७,७२	×	८७,७२
२. साधारण प्रशासन	३,२६,१२	×	३,२६,१२
३. आय कर प्रशासन	१,०६,८२	×	१,०६,८२
४. आर्थिक प्रशासन र योजना	१८,८१	७२,९४	९१,७५
५. न्याय प्रशासन	४३,१३	×	४३,१३
६. वैदेशिक सेवा	९५,२९	×	९५,२९
७. सामाजिक सेवा	२,५८,२१	६,७३,७९	९,३२,००
८. आर्थिक सेवा	२,९५,४३	२७,८९,८६	३०,८५,२९
९. रक्षा	३,६२,३६	×	३,६२,३६
१०. विविध	१,०४,२५	२,२७,३७	३,३१,६२
	१६,९८,१४	३७,६३,९६	५४,६२,१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२०२३।२४ को राजस्व अनुमान

रू. हजारमा

सि. नं. शीर्षक	उप-शीर्षक	२०२१।२२ को यथार्थ	२०२२।२३ को संशोधित अनुमान	२०२३।२४ को अनुमान
१. भन्सार	(क) निकासीबाट	१,१०,७५	१,२५,००	१,६०,००
	(ख) पैठारीबाट	२,०७,९९	४,२३,००	७,७७,००
	(ग) भारतबाट अन्तःशुल्क फिर्ता	४,६५,२४	४,००,००	३,००,००
	(घ) विविध	४९,१०	३,००	५,००
२. अन्तःशुल्क	(क) ठेक्का रकम	६०,६६	६०,०६	५५,००
	(ख) औद्योगिक उत्पादन	५७,५५	१,५०,००	१,८८,००
	(ग) कृषि उत्पादन	१७,७२	४५,००	५०,००
	(घ) विविध	२,८७	२,००	२,००
३. मालपोत	रैकर	४,३१,५८	४,५०,००	४,४०,००
४. वन	(क) लकडी विक्री	१९,७,९०	१,४०,००	१,३५,००
	(ग) शिकार तथा रोयल्टी	६	१०	१०
	(ङ) विविध	१०,७०	८.००	८,००
५. कर	(क) आय कर	५२,६१	८०,००	४१,००
	(ख) मनोरञ्जन	११,७१	१३,५०	१४,५०
	(ग) रेडियो	१,८३	८६	१०
	(घ) शहरी क्षेत्रको घर जग्गा	५,९२	६,००	७,००
	(ङ) विदेशी लगानी	५०	६५	२,००
	(च) घरवहाल कर	×	४,००	६·००
	(छ) हवाई उडान कर	१,०३	२,००	२,००
	(ज) आयकर टिकट	१	८	८
	(झ) ठेक्का कर	×	५,००	८,००
	(ञ) विक्री कर	६	७०,००	१,००,००
	(ट) विविध	४८	×	×
६. रजिष्ट्रेशन	(क) घर जग्गा	२८,३२	२०,००	१५,००
	(ख) कम्पनी ऐन अन्तर्गत	७१	१,००	१५०
	(ग) फारम रजिष्ट्रेशन	४८	७५	७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

283

		(घ)	ऐजेन्सी रजिष्ट्रेशन	१०	१५	१५
		(ङ)	बन्दूक पिस्टोल	२६	५०	५०
		(च)	सवारी लाइसेन्स	१००	१००	१००
७.	सिंचाई पानी	(क)	पानी पोट	१५८	२००	३,५०
		(ख)	धारा महसूल	१,६१	२,५०	३,००
९.	सञ्चार	(क)	हुलाक	१६,५८	२२,००	२५,००
		(ख)	आकाशवाणि	१८१	७००	५,५०
		(ग)	टेलिफोन	२,७२	४,००	४,५०
१०.	यातायात	(क)	रेल्वे	६,२०	×	×
		(ख)	रोप्वे	५,७८	×	×
		(ग)	हवाई	५,५०	५,५०	५,५०
		(घ)	रोडशेष	४७,९७	५०,००	६०,००
११.	ब्याज तथा लाभांस	(क)	कम्पनी तथा कर्पोरेशनलाई दिएको ऋणको व्याज	४	५,००	६,२०
		(ख)	सरकारी जागिरदारलाई दिएको ऋणको व्याज	२,१५	४,००	४,००
		(ग)	शेयरमा लगानी	३५,४१	५०,००	५,००
		(घ)	कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता	१,५६	१०,००	१३,३९
१२.	निजामति प्रशासन	(क)	न्याय	१४,७१	१८,००	१८,००
		(ख)	शिक्षा	४,३६	५,५०	७,००
		(ग)	स्वास्थ	१,२०	२,५०	२,५०
		(घ)	पशु तथा मत्स्य पालन	१४	५०	५०
		(ङ)	प्रचार तथा प्रसार	१,२७	२,५०	२,५०
		(च)	पब्लीक वर्कस	८,९२	३,००	२००,
		(छ)	विविध	२४,१०	१८,००	१५,००
१३.	विविध	(क)	पासपोर्ट र भिसा	३,१६	७,००	७,००
		(ख)	अभियान रोयल्टी	१८	×	५०
		(ग)	भारत सरकारबाट आउने	१६,००	१०,१५	१०,१५
		(ङ)	अरू फुटकर	३०	५०	५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

220

२०२३।२४ को व्यय अनुमान
(साधारणतर्फ)

रू. हजारमा

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०२१।२२ को यथार्थ	२०२२।२३ को संशोधित अनुमान	२०२३।२४ को अनुमान
१	१	श्री ५ महाराजाधिराज-तथा राजपरिवार	५४,६१	५४,६१	५४,७४
संवैधानिक अङ्गहरू	२	राजसभा	९४	१,३०	१,७२
	३	राष्ट्रिय पञ्चायत	९,८७	११,५८	१३,०७
	४	महालेखा परीक्षकको विभाग	६,७५	७,१५	७,६८
	५	सर्वोच्च अदालत	५,२०	७,०९	८,१७
	६	लोक सेवा आयोग	१,९२	२,०२	२,३४
२	७	मन्त्रिपरिषद्	६,७४	७,१५	६,८६
साधारण प्रशासन	८	श्री ५ को सरकारको सचिवालय	२२,८७	३०,४२	४३,०९
	९	जिल्ला प्रशासन	३१,८२	३५,१७	४५,९०
	१०	पुलिस	१,०३,७३	१,३१,३२	१,८८,९३
	११	जेल	२७,०५	२८,९०	२८,६९
	१२	विविध	८,११	१०,३७	१२,६५
३	१३	मालपोत	४७,८१	५६,३५	५९,६८
आयकर	१४	भन्सार	२२,२३	२७,२८	३२,१८
प्रशासन	१५	अन्तःशुल्क	१,२१	१,६६	२,३५
	१६	कर	२,९७,	५,६४	९,५२
	१७	रोडशेष	१,२९	९९	१,५२
	१८	आयकर अदालत	१,२३	१,२१	१,५७
४	१९	तथ्याङ्क	१,२०	१,२७	१,६८
आर्थिक	२०	सर्भे	७५	९४	१,२२
प्रशासन र	२१	टकसार	१४,२६	५,३२	६,५७
योजना	२२	ए. जि. अफिस	६,७०	८,३६	९,३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ न्याय प्रशासन	२३	अदालत	२५,२६	२६,२७	४२,११
	२४	एटर्नी जनरल	५८	८१	१,०२
६ वैदेशिक सेवा	२५	वैदेशिक	५६,१३	६०,२४	७६,४५
	२६	विविध	१४,८७	२२,६५	१८,८४
७ सामाजिक सेवा	२७	शिक्षा	७७,८०	६६,८५	१,४२,००
	२८	स्वास्थ्य	३४,०४	४७,०६	६१,६६
	२९	प्रचार तथा प्रसार	१६,०८	२२,१५	२७,४१
	३०	पञ्चायत	१६,६०	२०,८१	२७,१४
८ आर्थिक सेवाहरू	३१	कृषि	९,०६	६,९०	९,१६
	३२	वन	३५,३७	३७,३४	४६,७०
	३३	उद्योग वाणिज्य	७,९४	६,०८	८,१०
	३४	सञ्चार	४७,९०	६४,१४	७२,१३
	३५	यातायात	१५,८४	२७,८४	२३,८०
	३६	विद्युत्	१,६३	२,०८	३,२३
	३७	निर्माण	५२,२५	७०,२५	९२,३१
	३८	लगानी ऋण तथा ब्याज	३६,४२	३१,८५	४०,००
९ रक्षा	३९	रक्षा	२,७४,९५	३,०१,३१	३,६२,३६
१० विविध	४०	विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च	७,६२	१६,००,	२०,००
	४१	पेन्सन भत्ता तथा उपदान	३०,५०	३४,२५	४०,००
	४२	अतिथि सत्कार	६३	१,७५	१,७५
	४३	आकस्मिक सहायता चन्दा र पुरस्कार	१,२५	१,५०	२,५०
	४४	पुनः मतदान	६०	३,००	३,००
	४५	मुआवजा	३,५०	७,००	४,००
	४६	अन्य आकस्मिक खर्च	१,०५	३,००	३,००
	४७	भैपरी आउने	३०,००	१,७३,००	३०,००
			११,७९,४३	१५,२३,५६	१६,९८,१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

222

२०२३।२४ को व्यय
अनुमान
(विकासतर्फ)

. हजारमा

मुख्य शिर्षक	अनुदान संख्या	शीर्षक	२०२१।२२ को यथार्थ	२०२२।२३ को संशोधित अनुमान	२०२३।२४को अनुमान
४					
आर्थिक	१	तथ्यांक	५,८०	१२,००	१५,६३
प्रशासन र	२	सभ	३४,८५	४७,४७	५४,५४
योजना	३	बजेट तथा ए. ता. योजना	२,०९	२,४६	२,७७
७	४	शिक्षा	२,२४,२०	२,६३,००	२,२८,४२
सामाजिक	५	स्वास्थ्य	१,४८,१०	१,७८,०८	१,८८,१४
से वाहरू	६	प्रचार तथा प्रसार	२१,२३	१९,८९	२४,२०
	७	पञ्चायत	१,१३,०९	१,४४,७३	२,३३,०३
८	८	कृषि	१,०९,०९	१,४६,६३	२,७५,१८
आर्थिक	९	वन	७५,७५	७३,५९	७६,५५
सेवाहरू	१०	उद्योग वाणिज्य	२,२६,४५	२,११,०१	१,८७,५६
	११	सञ्चार	५५,०९	५८,२८	५६,७७
	१२	यातायात	१,०४,०३	९६,१५	४९,५३
	१३	विद्युत	५,७३,२३	५,०२,१२	४,२५,३३
	१४	निर्माण	५,१७,१५	८,६२,५१	१६,०३,९६
	१५	लगानी ऋण तथा ब्याज	—	७७,३४	९८,४४
	१६	इञ्जिनीयरिंग	२,००	१,९८	१६,५४
१०	१७	पुनः मतदान	२,०८	४,८०	५,००
बिबिध	१८	भैपरी आउने	७५,०८	८६,००	७
	१९	योजना	२,५६	५,६२	१८,९४
	२०	प्रशासन सुधार	२,५०	४,५४	६,७३
	२१	भूमिसुधार	२७,७३	९०,०४	१,१६,०४
	२२	मेट्रीकनापतौल आयोजना	—	३,००	२,६६
	२३	राजस्व प्रशासन	—	—	१,००
			२३,१६,४०	२८,६१,२४	३७,६३,९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

आर्थिक वर्ष २०२३।२४ को विकासतर्फ खर्च व्यहोर्ने श्रोतको विवरण

रू. हजारमा

अनुदान संख्या	शिर्षकको नाम	२०२३।२४ को अनुमान	श्री ५ को सरकार	भारत	अमेरिका	चीन	रूस	अन्य	कैफियत
१	तथ्याङ्क	१५,६३	११,७७		३,८६				
२	सर्भे	५४,५४	५४,५४						
३	बजेट तथा एकाउण्टेण्ट तालिम योजना	२,७७	२,७७						
४	शिक्षा	२,२८,४२	१,१४,३१	१४,५०	९९,०१			६०	(युनेस्को)
५	स्वास्थ्य	१,८८,१४	१,०६,७२	२,४०	७८,०२			१,००	(साटा)
६	प्रचार तथा प्रसार	२४,२०	१३,२०					११,००	(बृटिश)
७	पञ्चायत	२,३३,०३	२,०२,४३		३०,००			६०	(साटा)
८	कृषि	२,७५,१८	१,१३,८४	१६,००	१,३८,७४			३,६०	(३०० न्यू-जिल्याण्ड ६० साटा)
९	वन	७६,५५	४३,६२	४,०५	२८,१८			७०	(साटा)
१०	उद्योग वाणिज्य	१,८७,५६	८३,४१	४,००	१२,६५	५२,२०	३५००		
११	सञ्चार	५६,७७	५२,१७	४,६०					
१२	यातायात	४९,५३	२१,३०	१०,००	१८,२३				
१३	विद्युत	४,२५,३३	६४,६९	२,६०,००	६३,६४			३७,००	(बृटिश)
१४	निर्माण	१६,०३,९६	३,८६,११	७,९९,८५	६,००	२,५०,००	१,५०,००	६,००	(बृटिश)
१५	लगानी ऋण तथा ब्याज	९८,४४	९८,४४						

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१६	इञ्जिनियरिङ्ग	१६,५४	३,००	१३,५४					
१७	पुनः मतदान	५,००	५,००						
१८	भेंपरी आउने	७७,००	७७,००					५,००	(फो. फा.)
१९	योजना	१८,६४	१३,६४						
२०	प्रशासन सुधार	६,७३	६,७३						
२१	भूमि सुधार	१,१६,०४	१,१६,०४						
२२	मेट्रिक नाप तौल आयोजना	२,६६	२,६६						
२३	राजस्व प्रशासन	१,००	१,००						
		३७,६३,६६	१५,६४,६६	११,३१,६४	४,८१,६३	३०,२,२०	१,८५,००	६८,५०	

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

विदेशी मुद्राको आय—व्यय विवरण

आय

शीर्षक	२०२२।२३ को संशोधित अनुमान	रु. हजारमा २०२३।२४ को अनुमान
१. अदृश्य निर्यात	२,४३,०३	२,३५,००
२. दृश्य निर्यात	३,२६,३६	२,००,००
३. नेपाल स्थित विदेशी दूतावास खर्च	२०,६४	२५,००
४. विदेशी सहायता	५१,८०	५०,००
५. विविध	३,२२,९८	२,४०,००
	९,६४,८१	७,५०,००

व्यय

१. राजनैतिक कूटनैतिक	७५,२१	१,४६,२०
२. विकास	३,८२,१२	४,२२,०१
३. जगेडा	१,००,००	१,००,००
४. अदृश्य आयात	९,७३	५०,१६
५. ऋण मोचन कोष	४,६०	५,३६
६. विविध	७१,१४	८९,६०
	६,४२,८०	८,१३,३३
न्यून :		६३,३३
न्यून ब्यहोरिने स्रोत		
मौज्दातबाट		६३,३३

आज्ञाले—

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२२६०